चर्चामा डा तोसिमा | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १८० • २०७९ साल मंसिर ९ गते शुक्रबार (25 November, Friday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सत्तागठबन्धनमा विश्वासको संकट

# एमाले सहितको वामगठबन्धनको संकेत, मधेशमा फेरि मिलिजुली सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । आमनिर्वाचनको अधिकांश परिणाम सार्वजनिक भएसँगै सत्ता समीकरणको बारे नेताहरु छलफल थालेका छन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिहिबार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग टेलिफोन वार्ता गरेपछि सत्ता गठबन्धन भत्किन सक्ने संभावना बढेको छ।

चुनावको परिणाम सार्वजनिक भएको आधारमा सत्ताको साँचो माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको हातमा जाने संभावना बढेको छ। एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रचण्डसित गरेको संवादमा बधाई साटासाट भएको प्रचण्डको सचिवालयले सार्वजनिक गरेको छ । ओलीले विगतमा भएको तिक्ततालाई हटाएर सहकार्य गर्न आग्रहगर्दा प्रचण्डले सबै परिणाम आएपछि मात्र त्यस सम्बन्धमा संवाद गर्ने बताएको सचिवालय स्रोतले जनाएका छन् ।

ओलीसितको संवाद भएको केही घण्टापछि साँझ प्रधानमन्त्री शेरबहादुर देउवाले पनि प्रचण्डसित बधाई साटासाटगर्दै चुनावको सबै परिणाम आएपछि गठबन्धनलाई अझ कसिलो बनाएर जानुपर्ने धारणा राखेको बताइएको छ । दुबै नेताबीच गठबन्धनबारे छलफल भएको प्रचण्डका सचिवालयले पुष्टि गरेको छ।

तर माओवादीका केन्द्रीय सदस्य समेत रहेका पूर्व मन्त्री रामेश्वर यादवले सत्ता गठबन्धनमा विश्वासको संकट उत्पन्न भएकाले नयाँ सरकार गठनको विषयमा एमालेसित पनि सहकार्य हुन सक्ने बताए । 'कांग्रेस गठबन्धनप्रति इमान्दार देखिएन्' उनले भने, कांग्रेसको बेइमानीका कारण गठबन्धनमा रहेर पनि अन्य दलका कयौं नेताहरु पराजित हुनु परेको छ ।

निर्वाचनको सबै परिणाम प्राप्त नभए सम्म गठबन्धन हुने दलहरुबारे टुंगो लाग्न नसक्ने उनले प्रष्ट गरे। 'परिणामहरु प्राप्त भएपछि दलको हैसियत प्रष्ट हुनेछ' उनले भने, सरकार गठनमा नयाँ दलहरुको भूमिका पनि महत्वपूर्ण हुने देखिन्छ।

संघीय सरकार र प्रदेश सरकार गठनका लागि पनि गठबन्धन अनिवार्य देखिएको छ। कुनै प्रदेशमा दुई मात्र दलले सरकार बनाउने अवस्था छैन् । मधेश प्रदेशमा हाल जनता समाजवादी पार्टी (जसपा) को नेतृत्वमा सरकार रहेको छ। जसपाले चुनाव अगावै कांग्रेसलाई सरकारबाट हटाइसकेको छ । चुनावमा जसपा र एमालेबीच गठबन्धन रहेको थियो।

प्रदेशको हाल सम्मको मतगणनाको परिणाम अनुसार मधेश प्रदेशमा एमाले र जसपा मिलेर सरकार गठन गर्न सक्ने अवस्था छैन् । सरकार गठनका लागि कम्तीमा ५४ सभासद आवश्यक छ। मधेश प्रदेशमा १ सय ७ प्रदेश सभासद रहेका छन्।

निर्वाचनको घोषित परिणाम अनुसार जसपाले ९ स्थानमा जित हासिल गरिसकेको छ। १ सिटमा अगाडि रहेको छ। त्यसैगरी एमालेका ६ जना निर्वाचित भइसकेका छन् । ४ स्थानमा अग्रता लिएको छ । समानुपातिक समेत दुबै दलले अधिकतम् ३५ सिट सम्म ल्याउन सक्ने संभावना छ। तर सरकार गठनका लागि चाहिने संख्या भन्दा त्यो १९ सिट कम हुनेछ । कांग्रेस, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी , जनमत पार्टी र नेकपा एस समेत मिलेर प्रदेशमा सरकार गठन गर्न सक्ने संभावना देखिएको छ। जनमत पार्टी सरकारमा जाने नजाने बारे दलले आधिकारिक धारणा अहिले सार्वजनिक गरिसकेको छैन्।

संघीय सरकार गठनका लागि निर्माण हुने गठबन्धनकै आधारमा प्रदेशमा समेत सरकार गठन हुने माओवादी नेता यादवले बताए। सत्तारुढ गठबन्धनलाई भत्काउने पक्षमा नेताहरु नरहेको उल्लेखगर्दै उनले भने, हालको गठबन्धनलाई निरन्तरता दिन प्रदेश सरकारको भागबण्डा समेत महत्वपूर्ण हुनेछ।

एमालेसितको गठबन्धनको कारण ठूलो क्षति भएको आकलन गरेका जसपाका नेताहरुले प्रदेश सरकार र संघीय सरकारमा जाने विषयमा हतार नभएको बताउन थालेका छन्। सरकारमा सहभागिताको विषयमा सबै परिणाम सार्वजनिक भएपछि मात्र छलफल हुने जसपा कार्यकारिणी समितिका सदस्य गजाधर यादवले बताए।

कांग्रेस र एमालेबीच सत्ताका लागि गठबन्धन हुन सक्ने संभावनालाई नकार्न सकिने अवस्था रहेको छैन् । देशमा मध्यावधि निर्वाचनलाई टार्न दुई दलबीच सत्ता साझेदारी हुन सक्ने संभावना रहेको छ । तर एमालेसित कांग्रेसले तालमेल नगरे पनि हालकै गठबन्धनसित मिलेर पनि सरकार गठन गर्न सक्नेछ।

### चुनावी परिणाम २०७९

| दल | जित | अग्रता |
|---|---|---|
| नेपाली काँग्रेस | ९ | २ |
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ६ | ३ |
| जनमत पार्टी | ५ | १ |
| जनता समाजवादी पार्टी | ९ | १ |
| लोकतान्त्रिक समाजवादी पार्टी | ६ | २ |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ४ | १ |
| नेकपा एकीकृत समाजवादी | ३ | ३ |
| स्वतन्त्र | ४ | २ |
| जम्मा | ४६ | १५ |

**नोट** : मधेश प्रदेशको ६४ प्रदेशसभा क्षेत्रमा दल तथा स्वतन्त्र उम्मेदवारहरुले जित हासिल गरेको संख्या तथा अग्रता कायम गरेको विवरण । तीन स्थानको गणना हुन बाँकी रहेको छ । पछिल्लो मत परिणाम अनुसार ४६ स्थानको नतिजा सार्वजनिक भइसकेको छ भने १५ ठाउँको मतगणना जारी छ ।












साताव्यापी विवाहपञ्चमी महोत्सवको अवसरमा विहीवार जनकपुरधामको जानकी मन्दिर स्थित विवाहमण्डपमा आयोजना गरिएको फूलवारी लिला हेर्दै श्रद्धालु भक्तजनहरु। *तस्विर : संजय*

# लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानमा राष्ट्रपतिको सन्देश

काठमाण्डु। राष्ट्रपति विद्यादेवी भण्डारीले महिलाविरूद्ध हुने हिंसा निर्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस तथा लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियान, २०७९ को अवसरमा लैङ्गिक हिंसाविरूद्ध ऐक्यबद्धतासहित सबैमा शुभकामना व्यक्त गर्नुभएको छ।

राष्ट्रपति भण्डारीले जारी गर्नुभएको शुभकामनासन्देशमामहिलाविरूद्ध हुने हिंसा निर्मूलनसम्बन्धी अन्तर ाष्ट्रिय दिवस (नोभेम्बर २५) तथा लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियान, २०७९ को अवसरमा विश्वभर छरिएर रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनीको सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्नुभएको हो।

सन्देशमा भनिएको छ,ँ आजको यस महत्वपूर्ण घडीमा लैङ्गिक हिंसाविरूद्ध ऐक्यबद्धतासहितको साझा प्रतिबद्धता जनाउँदै समानतामा आधारित, न्यायपूर्ण, सभ्य र समुन्नत समाजको निर्माण गर्नेतर्फ अग्रसर हुन सबैमा हार्दिक आह्वान गर्दछु।'

महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि कानूनमा उल्लेखित दण्ड र सजायको प्रभावकारी कार्यान्वयन गनुपर्ने र महिलालाई आर्थिकरूपले आत्मनिर्भर बनाउँदै महिला र पुरूषमा भएको असमान शक्ति संरचनामा परिवर्तन गर्नसके मात्र महिलाविरुद्ध हुने हिंसा निर्मूल गर्न सकिने सन्देशमा उल्लेख छ।

'महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि क्रियाशील सरकारी निकाय, सामाजिक सङ्घसंस्था, नागरिक समाज तथा महिला अधिकारकर्मीलाई यस दिवसले थप उत्साहका साथ काम गर्न प्रेरणा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु', सन्देशमा भनिएको छ।

'नेपालकोसंविधानलेसमानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ। सोअनुरूप नेपालको राजनीति, प्रशासन र अन्य सार्वजनिक क्षेत्रमा समेत महिलाको सहभागितामा उल्लेख्य वृद्धि भएको छ। तथापि, हाम्रो समाजमा विद्यमान सामाजिक-सांस्कृतिक पछौटेपनका कारण बालविवाह, बहुविवाह, दाइजो तथा तिलक प्रथा, छाउपडी, बोक्सीको आरोपलगायत महिलाद्वेषी प्रथाका साथै यौन दुर्व्यवहार, घरेलु हिंसा, महिला बेचबिखन र बलात्कार र हत्याजस्ता जघन्य हिंसा आजको युगमा समेत कायम रहनु सभ्य समाजका लागि कलङ्कको विषय हो', सन्देशमा भनिएको छ। राष्ट्रपति भण्डारीले समाजमा विद्यमान यस प्रकारका विकृति र विसङ्गतिका विरुद्ध परिवार र समुदायस्तरमा व्यापकरूपमा सचेतना अभियान सञ्चालन गर्नुपर्ने उल्लेख गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिलाविरुद्ध हुने हिंसा निर्मूलनसम्बन्धी अन्तर ाष्ट्रिय दिवसका रूपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर सञ्चालन गरिने लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियान आजदेखि सुरु भएको छ। यस अभियानलाई नेपालमा पनि 'सभ्य समाजको पहिचानः लैङ्गिक हिंसाविरूद्धको अभियान' भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रम आयोजना गरी सञ्चालन गरिँदैछ।रासस

# बुद्ध जन्मस्थलका पुरातात्विक अवशेषको दिगो संरक्षणबारे छलफल

रुपन्देही। लुम्बिनीभित्र रहेको बुद्ध जन्मस्थलका पुरातात्विक अवशेषको संरक्षणका लागि विज्ञबीच छलफल गरिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, लुम्बिनी विकास कोष र



युनेस्कोको आयोजनामा एकदिने पुरातत्व विज्ञसँग छलफल गरिएको हो। मायादेवी मन्दिर, बुद्धजन्मस्थल क्षेत्रमा रहेका मार्कन स्टोन, अशोक स्तम्भ, बुद्ध जन्मेको स्थलका पुरातात्विक अवशेषको अवस्था र दिगो संरक्षणको योजनाका बारेमा छलफल भएको लुम्बिनी विकास कोषका प्रमुख प्रशासकीय अधिकृत ज्ञानिन राईले जानकारी दिनुभयो। उहाँले मायादेवी मन्दिर र बुद्ध जन्मस्थलको संरक्षणबारे विज्ञले महत्त्वपूर्ण सुझावसहितको प्रस्तुती राखेको बताउनुभयो।

उक्त अवसरमा जवाहरलाल नेहरु विश्वविद्यालयका प्रोफेसर नमन पी आउजा, संरक्षणविज्ञ मुसी, दुर्हम विश्वविद्यालय बेलायतका पुरातत्व सल्लाहकार प्रोफेसर रविन कनिङ्घमले प्रस्तुती राख्नुभएको थियो। छलफलमा विषयवस्तुमाथि विश्वसम्पदाका विज्ञ काई वेइस, विज्ञ प्राध्यापक प्रेमनाथ मास्के, विज्ञ डा विजयमान शाक्य, युनेस्को नेपालका प्रतिनिधि मिचल कार्फटले टिप्पणी गर्नुभएको थियो। मायादेवी मन्दिर र बुद्ध जन्मस्थलमा केही वर्षदेखि पुरातत्त्व अवशेष संरक्षणमा चुनौती थपिएकाले यो छलफल गरिएको लुम्बिनी विकास कोषले जनाएको छ।

उक्त अवसरमा लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी (भिक्षु मैत्तय), संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सुरेश श्रेष्ठ तथा पुरातत्व विभागका महानिर्देशक दामोदर गौतमले लुम्बिनीका पुरातत्त्वको संरक्षणमा सबैको सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको थियो।

विज्ञसहितको प्राविधिक पक्षबारे गरिएको उक्त छलफलपछि मायादेवी मन्दिर र बुद्ध जन्मस्थल क्षेत्रको भग्नावषेश पुरातत्त्वको संरक्षणको नयाँ योजना बन्ने लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिनुभयो।रासस

# सुन र नगद लुटपाट गर्ने गिरोह पक्राउ

काठमाण्डु। नेपाल प्रहरीले सुन, नगद र हिराका बहुमूल्य गरगहना लुटपाट गरी फरार गिरोहलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाण्डु र प्रहरी वृत्त महाराजगञ्जको टोलीले काठमाण्डु महानगरपालिका वडा नं ३ वसुन्धरास्थित मधुरविक्रम खनालको घरमा प्रवेश गरी सुन, नगद र हिराका बहुमूल्य गरगहना लुटपाट गरी फरार १० जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको हो।

पक्राउपर्नेमा कालीकोटका २९ वर्षीय धनबहादुर शाही, ३२ वर्षीय पर्वराज सिंह, २३ वर्षीय गङ्गाबहादुर शाही, २६ वर्षीय नेत्रबहादुर शाही, २७ वर्षीय पञ्चबहादुर सिंह, २४ वर्षीय तिलकबहादुर शाही, जुम्लाका २० वर्षीय विशाल शाही, रामेछापका २४ वर्षीय सुवर्ण मगर, सुर्खेतका १९ वर्षीय कविता बुढा र २१ वर्षीय दिपिका मल्ल



शाही रहेका छन्।

घटनाबारे जिल्ला प्रहरी परिसर काठमाण्डुले आज पत्रकार सम्मेलन गरी योजनाबद्धरुपमा लुटपाट गरिएको जानकारी दिएको हो। सम्मेलनमा परिसरका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भरतबहादुर बोहराले खनालकी श्रीमती नन्दा मल्ल र घरमा भएका अन्य व्यक्तिलाई नियन्त्रणमा लिएर धारिलो हतियार खुकुरी, हतौडा र रडको प्रयोग गरी सख्त घाइते बनाई नगद, सुन र हिराका बहुमूल्य गरगहना लुटपाट गरिएको जानकारी दिनुभयो।

'उक्त घटना खनालका परिवारबाट चिनजान भएका व्यक्तिको नै संलग्नता देखिएको पाइएको छ, घरमा काम गर्ने व्यक्तिकोसमेत संलग्नता देखिन्छ', उहाँले भन्नुभयो। प्रहरीले पक्राउ परेका व्यक्तिसँग ३८.५ तोला लेखिएको सुनको गिलास, सुनको तिलहरि एक थान, सुनको नौगेडी दुई थान, हिराको हार तीन थान, हतौडा एक थान, चक्कु दुई थान र रु एक लाख १३ हजार ५०० बरामद गरेको छ।रासस

# इलाम-२ (२) एमालेका मगर विजयी

मङ्गलबारे। इलाम-२ ९२० मा नेकपा ९एमाले०का उम्मेदवार रामबहादुर मगर प्रदेशसभा सदस्यमा विजयी हुनुभएको छ।

उहाँले वाम-लोकतान्त्रिक गठबन्धन तर्फबाट नेकपा ९एकीकृत माओवादी केन्द्र०का उम्मेदवार हर्क लावती कान्छालाई दुई हजार पाँच सय ७८ मतान्तरसहित विजयी हुनुभएको हो।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम मतपरिणामअनुसार मगरले १३ हजार सात सय ५४ मत प्राप्त गर्दा हर्क लावती कान्छाले ११ हजार एक सय ७६ मत प्राप्त गर्नुभएको छ।रासस

# खोटाङबाट प्रतिनिधिसभा सदस्यमा राई विजयी

खोटाङ। प्रतिनिधिसभा सदस्यमा नेकपा (माओवादी केन्द्र) का रामकुमार राई विजयी हुनुभएको छ।

उहाँले नेकपा (एमाले)का विशाल भट्टराईलाई दुई हजार छ सय ६९ मतान्तरले पछाडि पार्नुभएको थियो। गत आइतबार सम्पन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा निर्वाचनमा ६७ हजार तीन सय ७३ मत खसेकामा गठबन्धनका साझा उम्मेदवार पासाङले ३१ हजार तीन सय ५१ मत प्राप्त गरेर विजयी हुँदा एमालेका भट्टराईले २८ हजार ६८२ मत प्राप्त गर्नुभएको छ।रासस

**मोटरसाईकल हरायो**

जि. धनुषा गणेशमान चारनाथ नगरपालिकाको वडा नं. १, हाथिचौक, आर.एस.ट्रेडर्सको अगाडि मा पाकिङ्ग गरि राखेको मेरो निम्न व्यहोरा भएको खैरो/निलो रंगको FZS १४९ सी.सी. मोटरसाईकल २०७९/०७/२३ गते दिउँसो करिब २:३० बजे हराएको हुँदा फेला पार्नु हुनेले नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ।

**सवारी धनीको नाम: सत्यम अटो जोन, धनुषाधाम-१**
**सवारी नं.**: प्र.२-०२-००२-प-०४४९
**इन्जिन नं.** : G3J3E0493059
**चेसिस नं.** : ME1RG44B7KO049450
**सम्पर्क नं.** : ९८०४८६००५८

# सिन्धुली निर्वाचन क्षेत्र-१ मा कांग्रेसका घिमिरे विजयी

कमलामाई। प्रतिनिधिसभा सदस्यमा सिन्धुली निर्वाचन क्षेत्र नं १ बाट नेपाली कांग्रेसका श्यामकुमार घिमिरे विजयी हुनुभएको छ। निकटतम् प्रतिस्पर्धी नेकपा (एमाले)का प्रदीपकुमार कटुवाललाई चार हजार आठ सय ४५ मतान्तरले हराउँदै उहाँ विजयी हुनुभएको हो।

निर्वाचित घिमिरेले ३० हजार तीन सय ९१ मत प्राप्त गर्दा एमालेका कटुवालले २५ हजार पाँच सय ४६ मतमात्र पाउनुभएको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो। विसं २०७४ मा भएको निर्वाचनमा सिन्धुली क्षेत्र-१ को (२) मा प्रदेशसभा सदस्यमा प्रतिस्पर्धा हुँदा घिमिरेलाई कटुवालले पराजित गर्नुभएको थियो। दुवै प्रतिस्पर्धी एकै गाउँपालिकावासी हुनुहुन्छ। कटुवाल तीनपाटन गाउँपालिका वडा नं ११ र घिमिरे वडा नं १ को हुनुहुन्छ।रासस

# वाङ्मय शताब्दी पुरुष समर्पित कला प्रदर्शनी हुँदै

काठमाण्डु। वाङ्मय शताब्दी पुरुष स्वर्गीय सत्यमोहन जोशीलाई समर्पित नेपालका देवीदेवताहरु नामक कला प्रदर्शनी गरिने भएको छ।

नेपाल कला परिषद्को ६० औं वार्षिकोत्सव र नेपाल हस्तकला महासंघको ५०औं स्वर्ण वर्षको उपलक्ष्यमा परिषद्ले मङ्सिर ११ देखि २५ सम्म प्रदर्शनी गर्ने भएको हो। कलाकृतिहरुको प्रदर्शनीले हिन्दु र बौद्ध धर्मको उत्पत्ति, आधार भूत सिद्धान्तहरु, नेपालको मौलिक धर्म र दर्शनहरु जगाउने उद्देश्यसहित कलाकृतिहरुमा प्रतिनिधित्व गरिएका देवताहरुको संग्रहित खण्डहरुमा प्रस्तुत गरिने भएको छ।

परिषद्का अध्यक्ष सागर शमशेर राणाले नेपालको कला, कलाकारलाई उत्थान गर्ने तथा हस्तकला र कलाकृतिको मागलाई पूरा गर्न सकोस् भन्ने उद्देश्यले प्रर्दशनी गर्न लागिएको बताउनुभयो।

स्वतःस्फूर्तरुपमा सङ्कलन गरिएका एक सय ६० कलाकारका दुई सय ४६ कला प्रर्दशनीमा राखिनेछ। नवोद्धित कलाकारदेखि वरिष्ठ कलाकारबाट सङ्कलन गरिएका ग्रह देवताहरु, योगिनी, भैरव तथा बौद्ध देवताको कलाकृति समेत विशेषरुपमा रहने परिषदद्धारा आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।रासस

# 'निर्वाचनमा गरेका प्रतिबद्धता पूरा गरी छाड्छ'

मध्यविन्दु। नवलपरासी बर्दघाट सुस्तापूर्व-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा शशाङ्क कोइरालाले आफूले निर्वाचनमा गरेका प्रतिबद्धता पूरा गरी छाड्ने बताउनुभएको छ।

विजयी घोषणापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै कोइरालाले अबको पाँच वर्षमा ठूला आयोजना पूरा गर्ने बताउनुभयो। जिल्लामा राष्ट्रियस्तरको ट्रमा सेन्टर र अन्तर्राष्ट्रिय खेलमैदान बनाई छाड्ने उहाँको दाबी छ।ँचारपटक जनताले यही ठाउँबाट जिताएर पठाउनुभएको छ ,पक्कै मेरो काम मन पराउनुभएको होला', उहाँले भन्नुभयो,ँअब पनि जनताका बीचमा नै रहेर बाँकी काम गर्छु।'

साथै कोइरालाले यो पटक प्रधानमन्त्रीमा आफ्नो पनि दाबी रहने बताउनुभयो।ँप्रधानमन्त्रीमा फेरि शेरबहादुर देउवादेखि गगनजीको पनि दाबी छ, मेरो पनि रहन्छ', उहाँले भन्नुभयो,ँयो गठबन्धन पाँच वर्षसम्म रहन्छ, हामी मिलेर काम गर्छौं।'रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| वृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लोसपाका राइन निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ को 'क'मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का जयनुल राइन विजयी भएका छन् ।

उनी प्रतिद्वन्दी भन्दा पाँच हजार एक सय ७३ मत बढी ल्याइ विजयी भएका छन् ।

राइनले ११ हजार चार सय २४ मत ल्याउदा नेकपा एकीकृत समाजवादीकी मञ्जु यादवले ६ हजार दुई सय ५१ मत ल्याएकी छन् ।

यहाँ जनता समाजवादी पार्टी (जसपा)का धर्मेन्द्र कुमार साह तीन हजार ६ सय ८०, जनमत पार्टीका संजय कुमार साह दुई हजार दुई सय ६१ र तामलोपाका इदरिस राइनले एक हजार पाँच सय ५३ मत ल्याएका छन् ।



यहाँ प्रतिनिधिसभामा पाँच दलीय गठबन्धन भए पनि प्रदेशसभामा सहमति हुन सकेका थिएनन् । लोसपा र नेकपा(एस) का नेताहरुले उम्मेदवारी दिएपछि विवाद देखिएको थियो । दुबै जनाले निर्धारित समयमा उम्मेदवारी फिर्ता नलिदा मित्रवत् प्रतिस्पर्धा गरेका थिए ।

# सर्लाही १ मा वाम-लोकतान्त्रिक गठबन्धनका चौधरी विजयी

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही क्षेत्र नं १ मा वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का रामप्रकाश चौधरी विजयी भएका छन् । उनले नेकपा (एमाले)बाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका लालबन्दी नगरपालिकाका निवर्तमान नगरप्रमुख मानबहादुर खड्कालाई पराजित गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार नेपाल प्रहरीका पूर्व प्रहरी निरीक्षकसमेत रहेका चौधरीले २४ हजार आठ सय ३८ मत पाउँदा खड्काले १८ हजार चार सय चार मत प्राप्त गरेका छन् । चौधरीले खड्काभन्दा छ हजार चार सय ३४ बढी मत ल्याएर प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

सर्लाही-१ बाट प्रतिनिधिसभातर्फ चौधरीसहित १० जना चुनावी मैदानमा रहेका थिए । तेस्रो स्थानमा रहेका जनता समाजवादी पार्टी नेपाल (जसपा) का नेता सोही क्षेत्रका निवर्तमान प्रतिनिधिसभा सदस्यसमेत रहेका प्रमोद साहले १४ हजार दुई सय ५५ मत प्राप्त गरेका छन् । चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा अन्य क्षेत्रको मतगणना जारी रहेको छ ।

# ओली र दाहालबीच टेलिफोन वार्ता, सहकार्य गर्ने एमालेको प्रस्ताव

**टुडे समाचारदाता**

काठमाडौं । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबीच टेलिफोन वार्ता भएको छ । वार्ताका क्रममा ओलीले दाहाललाई सहकार्यको प्रस्ताव राखेका छन् ।

दुई नेताबीच वार्ता भएको ओली र दाहाल दुबैको सचिवालयले पुष्टि गरेका छन् । केपी ओलीले फोन गरेर जितका लागि दाहाललाई बधाई दिएको र दाहालले पनि बधाई ज्ञापन गरेको दाहालको सचिवालयले जनाएका छन्।

लामो समयदेखि ओली र दाहालबीच सम्बन्ध चिसिएका बेला बिहीबार फोन वार्ता भएको हो । आम निर्वाचनको परिणामले कसैको पनि बहुमत नआउने स्थिति देखिएपछि एमाले र माओवादी अध्यक्षबीच भएको यो फोन वार्तालाई अर्थपूर्णरुपमा हेरिएको छ ।

यसैबीच प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष दाहालबीच पनि वार्ता भएको छ । वार्ताका क्रममा हालको गठबन्धनलाई कायम राखेर अगाडि बढ्नेबारे कुराकानी भएको दाहालको सचिवालयले जनाएको छ ।

# धनुषा-२(२) मा यादव दोस्रोपटक निर्वाचित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा क्षेत्र नं २ को (२) मा जनता समाजवादी पार्टी नेपालका रामआशिष यादव दोस्रोपटक निर्वाचित भएका छन् ।

नेपाल पत्रकार महासंघ धनुषा शाखाका पूर्वअध्यक्ष रहेका यादव १० हजार छ सय १४ मत ल्याएर निर्वाचित भएका छन् भने उनका निकटतम् प्रतिद्वन्द्वी माओवादी केन्द्रका श्यामकुमार यादवले नौ हजार पाँच सय ६६ मत ल्याएका छन्।

यस्तै नेकपा (एमाले)का सञ्जीवकुमार झाले नौ हजार दुई सय चार मत ल्याएका छन् ।

# सिरहा-१ मा एमालेका यादव विजयी

**टुडे समाचारदाता**

सिरहा । सिरहा १ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का रामशंकर यादवले २ ९ हजार चार सय ६२ मत ल्याई प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् ।

उनका निकटतम प्रस्द्विन्दी नेपाली कांग्रेसका पदमनारायण चौधरीले २७ हजार तीन सय ७९ मत प्राप्त गरका छन् भने तेस्रो स्थानमा रहेका जनमत पार्टीका युगलकिशोर साहले छ हजार आठ सय ४९ मत प्राप्त गरेका छन् ।

सो क्षेत्रमा कुल एक लाख छ हजार दुई सय एक मतदाता रहेकामा ६९ हजार आठ सय २६ मत खसेको थियो ।

# सप्तरी क्षेत्र नं १ को (१) मा एमालेका लेखी विजयी

**टुडे समाचारदाता**

राजविराज । सप्तरी क्षेत्र नं १ को (१) मा प्रदेशसभा सदस्य पदमा नेकपा (एमाले)का राजकुमार लेखी विजयी भएका छन् । सहायक निर्वाचन अधिकृत हरिशंकर महतोले लेखी १४ हजार दुई सय ९१ मत ल्याएर निर्वाचित भएको जानकारी दिए ।

उनका निकटतम् प्रतिद्वन्द्वी जनमत पार्टीका शिवनन्दन मेहताले नौ हजार ९३ मत ल्याएका छन् ।

लेखीले पाँच हजार एक सय ९८ बढी मतले विजयी भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# प्रतिनिधिसभातर्फ छ र प्रदेशसभातर्फ १३ स्थानको नतिजा सार्वजनिक

भेरीगङ्गा। कर्णालीप्रदेशका१२निर्वाचन क्षेत्रमध्ये अहिलेसम्म प्रतिनिधिसभातर्फ छ ठाउँको अन्तिम नतिजा सार्वजनिक भएको छ । प्रदेशसभातर्फ १३ स्थानको अन्तिम नतिजा आएको छ । अहिलेसम्म प्रतिनिधिसभातर्फ सुर्खेत क्षेत्र नं २, दैलेखका दुईवटै क्षेत्र, जाजरकोट, सल्यान र जुम्लाको अन्तिम नतिजा सार्वजनिक भएको छ ।

सार्वजनिक नतिजा अनुसार सत्ता गठबन्धनले प्रतिनिधिसभातर्फ पाँच क्षेत्रमा जितेको छ भने एउटा क्षेत्रमा राप्रपाले जित हासिल गरेको छ । सोअन्तर्गत प्रतिनिधिसभातर्फ सुर्खेत क्षेत्र नं २ बाट नेपाली कांग्रेसका हृदयराम थानी विजयी हुँदा नेकपा (एमाले)का अमृतकुमार विसी पराजित हुनुभएको छ । थानीको पक्षमा ३४ हजार छ सय २५ मत ल्याउँदा एमालेका अमृतकुमार विसीले २९ हजार पाँच सय ५८ मत प्राप्त गर्नुभयो ।

त्यसैगरी दैलेख क्षेत्र नं १ मा सत्ता गठबन्धका उम्मेद्वार नेकपा (एकीकृत समाजावादी)का अम्मरबहादुर थापाले एमालेका रवीन्द्रराज शर्मालाई पराजित गर्नुभएको छ । थापाले १८ हजार दुई सय ५६ मत प्राप्त गर्नुभएको छ भने उहाँका प्रतिस्पर्धी एमालेका शर्माले १७ हजार चार सय सात मत प्राप्त गर्नुभयो । राप्रपाकी महामन्त्री कुन्तीकुमारी शाहीले चार हजार छ सय दुई मत प्राप्त गर्नुभयो । दैलेख क्षेत्र नं २ मा पनि नेपाली कांग्रेसका दिक्पाल शाही विजयी हुनुभएको छ । उहाँले एमालेका लक्ष्मी पोखेललाई एक सय ५३ मतान्तरले हराउनुभयो ।

यसैबीच जाजरकोटमा माओवादी केन्द्रका शक्तिबहादुर बस्नेत ३४ हजार एक सय ५१ मत प्राप्त गरेर विजयी हुनुभयो । उहाँका प्रतिस्पर्धी एमालेका निरज आचार्य २५ हजार एक सय २० मत ल्याएर पराजित हुनुभयो ।

यसैगरी सल्यानमा एकीकृत समाजवादीका प्रकाश ज्वालाले ३५ हजार सात सय मत ल्याएर स्वतन्त्र उम्मेदवार राजेन्द्रबहादुर शाहलाई हराउनुभयो । शाहले १९ हजार सात सय ८९ मत पाउँदा एमालेका राजेन्द्रवीर राय १३ हजार २९ मतसहित तेस्रो स्थानमा रहनुभयो ।

यस्तै जुम्लामा राप्रपाका ज्ञानेन्द्रबहादुर शाही भारी मतसहित विजयी हुनुभएको छ । उहाँ २२ हजार आठ सय १९ मत ल्याएर विजयी हुनुभएको छ । सत्ता गठबन्धनका उम्मेदवार माओवादी केन्द्रका गोमा गौतम कुँवरलाई दश हजार आठ सय ६० मतान्तरले उहाँले पछाडी पार्नुभयो । यस्तै सुर्खेत क्षेत्र नम्बर १ मा पनि नेपाली कांग्रेस उपसभापतिसमेत रहनुभएका पूर्णबहादुर खड्काले आफ्नो अग्रतालाई बढाउँदै जानुभएको छ भने मुगु, हुम्ला र डोल्पामा अहिले मतगणना जारी छ ।

**प्रदेशसभातर्फ १३ ठाउँको नतिजा सार्वजनिक**

कर्णाली प्रदेशका २४ निर्वाचन क्षेत्रमध्ये १३ क्षेत्रको अन्तिम परिणाम आइसकेको छ । त्यसमा गठबन्धनको वर्चस्व देखिएको छ । अन्तिम नतिजा सार्वजनिक भएका क्षेत्रमा तीन ठाउँमा एमालेले जित निकालेको छ भने अरु १० ठाउँमा सत्ता गठबन्धका उम्मेदवार निर्वाचित भएका छन् । सुर्खेत क्षेत्र नं २ (२) मा एमालेका यामलाल कँडेल विजयी हुनुभएको छ ।

कँडेलले १८ हजार पाँच सय ६१ मत ल्याएर विजयी हुँदा उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका कालीप्रसाद शाक्य १८ हजार चार सय मत ल्याएर पराजित हुनुभयो । यस्तै दैलेख क्षेत्र नं १ (१) बाट प्रदेशसभा सदस्य पदमा नेपाली कांग्रेसका पूर्णबहादुर खत्री विजयी भइसक्नुभएको छ । उहाँले एमालेका धर्मराज रेग्मीलाई एक हजार तीन सय ९२ मतान्तरले पराजित गर्दै विजय हासिल गर्नुभएको हो । उहाँले नौ हजार चार सय ६४ मत ल्याएर निर्वाचित हुँदा पूर्व माओवादी रेग्मीले आठ हजार ७२ मत प्राप्त गर्नुभयो ।

यस्तै त्यही क्षेत्रको प्रदेशसभा (२) तर्फ पनि नेपाली कांग्रेसका कृष्णकुमार विसी विजयी हुनुभएको छ । उहाँले १० हजार पाँच सय ४४ मत ल्याएर विजयी हुँदा उहाँका प्रतिस्पर्धी एमालेका प्रेमबहादुर थापाले नौ हजार चार सय ६८ मत पाउनुभयो ।

यस्तै दैलेख क्षेत्र नं २ (१) तर्फ पनि नेपाली कांग्रेसका घनश्याम भण्डारी विजयी हुनुभएको छ । एमालेका तिलकप्रसाद रिजाललाई एक हजार तीन सय पाँच मतले हराउनुभएको हो । भण्डारीले १० हजार आठ सय मत पाउँदा एमालेका रिजालले नौ हजार चार सय ९५ मत प्राप्त गर्नुभएको छ । जाजरकोट प्रदेशसभा (१) मा नेपाली कांग्रेसका वेदराज सिंह विजयी हुनुभएको छ । सिंहले १८ हजार पाँच सय ४३ मत प्राप्त गरी विजयी हुँदा उहाँका प्रतिस्पर्धी एमालेका डम्बरबहादुर सिंहले १२ हजार चार सय ७० मत प्राप्त गर्नुभयो । जाजरकोटकै प्रदेशसभाअन्तर्गत (२) बाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य राजीवविक्रम शाह निर्वाचित हुनुभएको छ । उहाँले १६ हजार ४० मत ल्याउँदा एमालेका खिमबहादुर शाहीले १० हजार पाँच सय ३० मत पाउनुभएको छ ।

कर्णालीका मुख्यमन्त्रीका दाबेदारसमेत रहेका ललितजङ्ग शाहीलाई स्वतन्त्र उम्मेदवार देवेन्द्रबहादुर शाहीले पराजित गर्नुभयो । जुम्ला प्रदेशसभा (१) मा वामलोकतान्त्रिक गठबन्धनबाट उम्मेदवार कांग्रेसका शाहीलाई एक हजार आठ सय ९९ मतले हराउँदै देवेन्द्रबहादुर विजयी हुनुभएको हो । यस्तै जुम्ला प्रदेशसभा-२ मा गठबन्धनका उम्मेदवार एकीकृत समाजवादीका पदमबहादुर रोकायलाई हराउँदै एमालेका टेकराज पछाई विजयी हुनुभएको छ ।

कर्णाली प्रदेशका बहालवाला भौतिक पूर्वाधार तथा सहकारीमन्त्री रोकायलाई पछाईले पराजित गर्नुभएको हो । पछाई सात हजार आठ सय १५ मतले विजयी हुनुभएको हो । रोकायले छ हजार सात सय २२ मत प्राप्त गर्नुभएको हो । पछाई एमाले प्रदेश कमिटी उपसचिव हुनुहुन्छ । यस्तै सल्यानमा पनि सत्ता गठबन्धनकै उम्मेदवार प्रदेशसभामा निर्वाचित हुनुभएको छ । कर्णाली प्रदेशभरको नतिजा शुक्रबार साँझसम्म आइसक्ने आकलन गरिएको छ ।रासस

# मधेश प्रदेशमा कांग्रेस र प्रदेश १ मा एमाले अगाडि

**टुडे समाचारदाता**

काठमाण्डु । प्रदेशसभा सदस्य समानुपातिक सिटतर्फ मतगणना जारी रहेको छ । निर्वाचन आयोगको पछिल्लो जानकारी अनुसार प्रदेश नं.१ मा नेकपा( एमाले)ले ८७ हजार सात सय ४३ मत प्राप्त गरेको छ ।

त्यसैगरी नेपाली कांग्रेसले ७८ हजार तीन सय ५० मत ल्याएको छ । नेकपा (माओवादी केन्द्र) ले ३४ हजार सात सय ३१, राष्ट्रिय प्रजातन्त्र पार्टीले २८ हजार एक सय २४ र जनता समाजवादी पार्टीले १२ हजार तीन सय २२ मत प्राप्त गरेको छ ।

मधेश प्रदेशमा कांग्रेस अगाडि

मधेस प्रदेशमा भने नेपाली कांग्रेसले अहिलेसम्म सबैभन्दा बढी मत प्राप्त गरेको छ । कांग्रेसले २४ हजार पाँच सय ८६ मत ल्याएको छ । एमालेले २० हजार दुई सय ७८, जनमत पार्टीले १९ हजार एक सय ४७, जनता समाजवादी पार्टी, नेपालले १३ हजार आठ सय ३३ र (माओवादी केन्द्रीले नौ हजार पाँच सय ५० मत पाएको छ ।

बागमती प्रदेशमा एमाले नै अगाडि देखिएको छ । उसले ६२ हजार सात सय ५७ मत ल्याएको छ । कांग्रेसले ६१ हजार पाँच सय ७३ मत ल्याएर एमालेलाई पछ्याइरहेको छ । राप्रपाले ३९ हजार ५६ र माओवादीले ३० हजार चार सय १६ मत पाएको छ । बागमती प्रदेश समानुपातिकमा नेपाल मजदुर किसान पार्टीले २७ हजार आठ सय ४२ मत प्राप्त गरेको आयोगले जनाएको छ ।

गण्डकी प्रदेशमा एमालेले ९१ हजार ३७१, कांग्रेसले ७३ हजार ८५०, (माओवादी केन्द्र) ले ३३ हजार तीन सय ६९, राष्ट्रिय प्रजातन्त्र पार्टीले १७ हजार ६५ र नेकपा (एकीकृत समाजवादी) ले छ हजार आठ सय २० मत ल्याएको छ ।

लुम्बिनी प्रदेशमा एमालेले एक लाख ८६ हजार ९३ मत पाएको छ भने कांग्रेसले ८९ हजार सात सय ९७, माओवादीले २९ हजार नौ सय ९६, राप्रपाले २५ हजार चार सय ९५ र नागरिक उन्मुक्ति पार्टीलले आठ हजार आठ सय ६९ मत पाएको छ ।

कर्णाली प्रदेशमा समानुपातिकमा भने अहिलेसम्म माओवादी पहिलो पार्टी बनेको छ । माओवादीले एक लाख ३० हजार ५६ मत पाएको छ । एमालेले पाँच हजार नौ सय १४ मत पाएको छ भने कांग्रेसले चार हजार दुई सय २५ मत ल्याएएको छ । त्यसैगरी (एकीकृत समाजवादी) ले एक हजार एक सय १२ मत पाएको छ । राप्रपाले सात सय ८१ मत पाएको छ । सुदूरपश्चिम प्रदेश समानुपातिक मतबारे भने आयोगले अद्यावधिक गरेको छैन ।

# चितवन क्षेत्र नं १ बाट रास्वपाका ढकाल निर्वाचित

चितवन । चितवन क्षेत्र नं १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकाल निर्वाचित हुनुभएको छ । नेकपा (एमाले)का सुरेन्द्रप्रसाद पाण्डेलाई सात हजार पाँच सय ८१ मतले पछि पार्दै ढकाल निर्वाचित हुनुभएको हो ।

ढकालले ३४ हजार एक सय ८९ मत प्राप्त गर्नुभएको छ भने पाण्डेले २६ हजार छ सय आठ मत प्राप्त गर्नुभयो । नेपाली कांग्रेसका विश्वनाथ पौडेलले २४ हजार नौ सय नौ मत प्राप्त गर्नुभयो । सो क्षेत्रमा ९५ हजार ४१ मत खसेको थियो । यसमध्ये तीन हजार छ सय २१ मत बदर भई ९१ हजार चार सय २० सदर भएको निर्वाचन आयोगले जनाएको छ ।

उक्त क्षेत्रको प्रदेशसभा १ मा नेकपा ९एमाले०का जगन्नाथ थपलिया विजयी हुनुभएको छ । थपलियाले १७ हजार छ सय ८८ र नेपाली कांग्रेसका किरणभूषण ओलीले १० हजार सात सय १२ मत पाउनुभएको थियो । यस प्रदेशमा ४३ हजार आठ सय ३६ मत खसेको थियो ।

यस क्षेत्रको प्रदेशसभा २ मा नेकपा ९एकिकृत समाजवादी०का कृष्णप्रसाद खनाल विजयी हुनुभएको छ । खनालले १५ हजार पाँच सय सात मत प्राप्त गरी विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका प्रकाश खनालले १४ हजार सात सय ६८ मत प्राप्त गर्नुभएको थियो । यस प्रदेशमा ५१ हजार एक सय ३६ मत खसेको आयोगले जनाएको छ ।रासस

# तीन निर्वाचन क्षेत्रको मतगणना बाँकी

काठमाण्डु । गत आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मतगणना अझै तीन जिल्लाका तीन निर्वाचन क्षेत्रमा हुन बाँकी रहेको छ । बाजुरा, स्याङ्जा र दोलखाका तीन निर्वाचन क्षेत्रमा मगतणना हुन बाँकी रहेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

निर्वाचनका बारेमा उठेका प्रश्नको निरुपणका लागि अनुसन्धान भइरहेकाले ती क्षेत्रमा मतगणनामा केही ढिलाइ भएको उहाँको भनाइ छ । कूल एक सय ६५ निर्वाचन क्षेत्रमध्ये एक सय ६२ स्थानमा मतगणना जारी छ ।

आयोगका अनुसार हालसम्म ५३ स्थानको नतिजा आइसकेको छ । आयोगको प्रणालीमा प्रविष्ट तथ्याङ्कअनुसार नेपाली कांग्रेस १९, नेकपा (एमाले) १२, नेकपा (माओवादी केन्द्र) छ, नेकपा (एकीकृत समाजवादी) चार, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन र अन्य दल तथा उम्मेदवार आठ स्थानमा विजयी भएका छन् ।रासस

# रेखा शर्माको तेस्रोपटक सदन प्रवेश

काठमाण्डु। मुलुकको राजनीतिमा परिपक्व र सशक्त भूमिका खेल्दै आउनुभएकी रेखा शर्मा तेस्रोपटक सङ्घीय संसद्मा प्रवेश गर्नुभएको छ । नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेललाई प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित गरी उहाँ सदन प्रवेश गर्नुभएको हो ।



दाङ क्षेत्र नं २ को प्रतिनिधिसभा सदस्यमा गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का उम्मेदवार शर्मा २६ हजार आठ सय ७७ मत प्राप्त गरी विजयी हुनुभएको हो । उहाँका निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का महासचिव पोखरेलले २६ हजार छ सय ८१ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत कृपासुर कार्कीले जानकारी दिनुभयो । उहाँहरूबीचको मतान्तर एक सय ९६ रहेको छ । उक्त क्षेत्रमा एक लाख ३३ हजार सात सय ४८ मतदातामध्ये ७९ हजार चार सय ४६ मत खसेको थियो ।

अनेरास्ववियुको विद्यालय एकाइ कमिटीबाट विसं २०४२ बाट राजनीतिक यात्रा सुरु गर्नुभएकी शर्मा विसं २०५१ मा योङ्ग कम्युनिष्ट लिगको केन्द्रीय सदस्य हुँदै २०५७ मा नेकपा (माओवादी केन्द्र)को केन्द्रीय सदस्य हुनुभयो । उहाँसँग अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको अध्यक्ष (२०५३-२०५८), समानुपातिक निर्वाचन प्रणालीबाट विसं २०७० मा संविधानसभा सदस्य तथा २०७४ मा प्रतिनिसभा सदस्य रही जिम्मेवारी सम्हालेको अनुभव छ ।

पिता गिरीराज शर्मा र माता पार्वती शर्मा पौड्यालको कोखबाट उहाँको जन्म विसं २०२६ असोज ९ गते भएको थियो । समाजशास्त्र विषयमा स्नात्तकोत्तर रहनुभएकी शर्माका पति कृष्णध्वज खड्का पनि राजनीतिक क्षेत्रमै सक्रिय हुनुहुन्छ । दाङको घोराही उपमहानगरपालिका-१८ स्थायी घर भएकी शर्मा २०७२ कात्तिकदेखि २०७३ कात्तिकसम्म समान्य प्रशासनमन्त्री हुनुभयो ।

नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकीकरण भएपछि उहाँ नेकपाको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । उहाँ विसं २०७० मा नेकपा माओवादी संसदीय दलको सचेतक तथा रुपान्तरित व्यवस्थापिकामा माओवादी केन्द्रको प्रमुख सचेतकको जिम्मेवारीमा हुनुहुन्थ्यो ।

यसअघिको राज्यव्यवस्था तथा सुशासन समितिको सदस्य शर्मा सामाजिक न्याय र समानताको क्षेत्रमा विशेष रुचि राख्नुहुन्छ । सशस्त्र द्वन्द्वका समय विसं २०५८ देखि २०५९ चैतसम्म एक वर्ष सैनिक हिरासतमा बिताउनुभएकी शर्मा संविधानसभा पदकबाट विभूषित हुनुहुन्छ । करिब १० वर्ष भूमिगत जीवन बिताउनुभएकी शर्माका राजनीतिकलगायतका विषयमा फुटकर लेख, रचना प्रकाशित हुँदै आएका छन् ।रासस



यस **लोमस फर्मास्युटिकल्स प्रा.लि.** बाट उत्पादित निम्न अनुसारका औषधीहरुको आ.व. २०७९/२०८० को लागि बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरि यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरुले खरिद गर्नु परेमा यस उद्योगको आधिकारिक बिक्रेता **क्यापिटल मेडिसर्च**, **जनकपुर**, **धनुषा**, **नेपाल**बाट खरिद गर्न सक्नुहुनेछ भनि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्क नं. ९८२१७१९१७**

**LOMUS PHARMACEUTICALS PVT. LTD. PRODUCT & RATE LIST 2079/2080**

**Effective From 2079/04/01 to 2080/03/31**

| S. N. | PRODUCT NAME | COMPOSITIONS | PACKAGE | RATE | MRP |
|---|---|---|---|---|---|
| 1 | Cetophen Syp. | Paracatamol Syp 5mg each 60ml | 60 ml syp | 25.86 | 30.00 |
| 2 | R.L. 500ml | Ringer lactate solution for injection IP | 500ml | 47.41 | 55.00 |
| 3 | Sal - 4 Tab | Salbutamol tab 4mg | 1x10x100 | 1724.20 | 2000.00 |
| 4 | Zinepdt 10mg | Zinc Sulphate 10mg Tab | 1x10x50 | 1293.15 | 1500.00 |
| 5 | Curemox 250mg Tab | Anoxycillin 250mg Tab | 1x10x20 | 862.10 | 1000.00 |
| 6 | Calin Lotion | Calamin, Siphenhydramine and camphor lotion | 100ml | 94.90 | 110.00 |
| 7 | Curecip 250mg Tab | Ciprofloxacillin Tab 250mg | 1x10x10 | 431.05 | 500.00 |
| 8 | Frusix 40mg Tab | Frusinide Tab 40mg | 1x30x40 | 517.26 | 600.00 |
| 9 | Iben 200mg Tab | Ibrupuhen 200mg Tab | 1x10x50 | 1724.20 | 2000.00 |
| 10 | Metro 200mg Tab | Metronindazole 200mg Tab | 1x10x50 | 1293.15 | 1500.00 |
| 11 | Orolyte | Oral Rehydration Salt-citrate IP | 1x1 Pic | 8.86 | 10.00 |
| 12 | Q-Dox 100mg Cap. | Boxycycline 100mg Cap | 1x10x20 | 1206.94 | 1400.00 |
| 13 | Curemox 500mg Cap. | Amoxycillin 500mg Cap | 1x10x20 | 1379.36 | 1600.00 |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रभु साहको प्रयोग सफल

नेपाली राजनीतिमा चर्चामा रहन रुचाउने रौतहट जिल्लाका नेता प्रभु साहले आमचुनावमा गरेको प्रयोग सफल भएको छ । मनोनयनपत्र दर्ताको दिन एमालेको टिकटलाई च्यातेर स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साहले फराकिलो मतान्तरले सहज जित हात पारेका छन् । उनलाई चुनावमा पराजित गराउन सत्तागठबन्धनले क्षेत्र स्तरमा महागठबन्धन गरेर स्वतन्त्र उम्मेदवारलाई सघाएका थिए । माओवादी केन्द्रका उम्मेदवारले आफ्नो उम्मेदवारीलाई जीवित नै राखेर मत काटे । तर पनि साहले सहज रुपमा जितेको देखिन्छ । उनी आफै मात्र जितेका होइनन् । अन्य क्षेत्रहरुमा समेत प्रचारप्रसार गरे । चुनावमा उनले समर्थन गरेका केही स्वतन्त्र उम्मेदवारहरुले राम्रो मत प्राप्त गरेका छन् । साहले मधेश प्रदेशमा आफ्नै नेतृत्वमा एउटा अघोषित संगठन नै तयार गरेका छन् । उनले मधेश प्रदेशको धेरै निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारलाई सघाएका थिए । अत्यन्त महत्वाकांक्षी मानिने साहले मधेशका प्रायःसबै मधेशी नेताहरुसित भिडिसकेका छन् । उनले केन्द्रीय नेताको दासत्व स्विकार गर्ने मनस्थितिमा अब देखिदैनन् । आफ्नो बुत्ताले संगठन निर्माणगरी समानताको अधिकार खोल्ने हैसियत बनाउन लागेका छन् । मधेशमा उपेन्द्र यादव पराजित भइसकेको, महन्थ ठाकुर, राजेन्द्र महतोको अवस्था पनि उत्साहजनक नरहेको बेला उनी पार्टीको घेरामा बस्न चाहेनन् । दलगत घेरा भन्दा माथि उठन् लागेका साहले हावामा काम पनि नगरेको साबित भएको छ । रौतहट जिल्लामा उनले चाहेको बेला स्वयं चुनाव जित्न सक्ने र अन्यलाई पनि जिताउन सक्ने हैसियतमा पुग्न लागेका छन् । चुनाव परिणामलाई दृष्टिगतगर्दा संघीय सरकार निर्माणमा व्यापक खिँचातानीको संभावना छ । सरकारका लागि आवश्यक बहुमत पुऱ्याउन हुने अनैतिक खेलमा साहको भ्यालु बढन सक्छ । चुनावमा रहेको गठबन्धन सरकार निर्माण सम्म चल्ने संभावना कमजोर छ । सरकार निर्माणका लागि कांग्रेस र एमाले दुबैले अनेक प्रकारको कसरत गर्ने छन् । अनैतिक खेलहरुमा समेत दुबै दल पछाडि पर्ने छैनन् । साहको बुद्धिमतापूर्ण निर्णयले उनको राजनीतिक हैसियत र उचाइ दुबै बढाएको छ । एमालेको टिकट परित्याग गर्न उनले गरेको निर्णय कम्ती जोखिमपूर्ण थिएन् । तर अब उनी माओवादी केन्द्रमा प्रवेशगर्दा मधेश प्रदेशमा एकछत्र नेतृत्व गर्ने छन् । माओवादीका नेताद्वय मातृका यादव र गिरिजामणी पोखरेल चुनाव जित्न सक्ने संभावना कमजोर बन्दै गएको छ । हुनत माओवादीमा प्रवेश गर्ने नगर्ने निर्णय उनले पछि लिने होलान् । चुनावमा साहको भूमिका र निर्णयले उनको जनाधार अत्यन्त बलियो रहेको साबित भएको छ । साहको प्रयोग पूर्ण सफल र उनले बनाएको मार्गचित्रलाई कार्यान्वयन गर्न सहज हुने देखिन्छ ।

# विचार : संसद् मात्र हैन, सन्देशसमेत दिएको निर्वाचन



**विपुल पोखेल**

अहिले प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनको मत परिणाम आइरहेको छ । मत परिणामलाई लिएर विभिन्न टिप्पणी र अनुमानहरू गर्न थालिएको छ । यो निर्वाचनमा नागरिकको नैराश्यता मतपेटिकामा प्रस्तुत हुने अनुमान निर्वाचनपूर्व नै धेरैले गरेका थिए । यही अपेक्षालाई आधार मानेर केही नयाँ पार्टीहरू पनि जन्मिए भने स्वतन्त्र रूपमा पनि थुप्रै उम्मेदवारहरूले प्रतिस्पर्धा गरे । परिणामले मतदानपूर्व गरिएको अनुमानलाई केही हदसम्म सत्य साबित गरिदिएको छ ।

निर्वाचनलाई वैधानिक ढङ्गबाट परिवर्तन गर्ने एउटा माध्यमका रूपमा पनि लिइन्छ । परिवर्तनको अपेक्षा गर्नु मानवीय गुण नै हो । हरेक निर्वाचन होस् वा क्रान्तिहरूले सधैँ परिवर्तनको अपेक्षा गरेका हुन्छन् र त्यस्तो अपेक्षा गर्न नागरिकलाई प्रेरित पनि गरिरहेका हुन्छन् । सधैँ परिवर्तनको अपेक्षा गरिरहेका नागरिकले निर्वाचनका समयमा यस्तो अपेक्षा गर्नुलाई स्वाभाविक रूपमा ग्रहण गर्नु पनि पर्दछ । परिवर्तनका लागि हिंसा वा हडतालको बाटो पकड्नुभन्दा मतपेटिकाको उपयोग गर्ने चेतनाको विकास हुनु आफैँमा सकारात्मक कुरा हो ।

नेपाली समाज अब मतपेटिकामार्फत नै क्रान्ति हुन्छ भनेर विश्वास गर्ने तहमा पुगेको छ भनेर विश्लेषण गर्ने आधार पनि यो चुनावले दिएको छ । युवाहरू टायर बाल्ने र सडक बन्द गर्ने अभ्यासलाई अस्वीकार गर्दै लोकतान्त्रिक विधिबाट परिवर्तनको पक्षमा उभिनुपर्छ भन्ने मान्यता राख्दछन् भन्ने सन्देश यो चुनावमार्फत प्रकट र स्थापितसमेत भएको छ ।

यो चुनावले दिएका यी कुराहरू अत्यन्तै सकारात्मक पक्ष हुन् । लोकतन्त्रको सबलताका लागि पनि यी पक्षहरूले योगदान दिनेछन् । त्यति मात्रै हैन, निरन्तर लोकतान्त्रिक अभ्यास हुँदै गर्दा कैयौँ यस्ता नागरिक भावनाहरूलाई सम्बोधन गर्न सक्छ भन्ने कुरा पनि स्थापित भएको छ । निरन्तरको निर्वाचनलाई अपेक्षाअनुसारको परिवर्तनका रूपमा उपयोग गर्न सकिन्छ नै ।

यति मात्रै होइन, यो चुनावले अन्य महत्वपूर्ण सन्देशहरू पनि दिएको छ । परम्परागत शक्तिलाई आफ्नो कार्यशैली परिवर्तन गर्न चेतावनी नै दिएको छ । उम्मेदवार छनोटको निश्चित विधि बनाउन बाध्य हुन सिकाएको छ । राजनीतिमा दलाल वर्गको उपस्थितिलाई निरुत्साहित गर्न चुनौती दिएको छ । पैसा र बलको राजनीतिक अभ्यासलाई अस्वीकार गर्न अपिल गरेको छ । इतिहासको मात्र होइन, सम्भावना र योग्यताको कदर गर्ने कुरालाई प्राथमिकतामा राख्न भनेको छ । समग्रमा सुशासनको छाताभित्र बसेर राजनीतिक कर्म गर भन्ने आक्रामक अभिव्यक्ति पनि दिएको छ ।

यो चुनावमार्फत मतपत्रहरूमा व्यक्त भाव भनेकै सुशासनतर्फ प्रतिबद्ध बन भन्ने नै हो । सुशासनको अवस्थामा सुधार आउन नसकेकै कारण राजनीतिप्रति नागरिकको नैराश्यता र उदासीनता चुलिँदै गएको हो । खासगरी सहरी क्षेत्रहरूमा मतदाताले त्यो भावना अभिव्यक्त पनि गरेका छन् । चुनावमा मत प्रतिशत कम हुनु, मतदानका क्रममा उत्साह पनि खासै नदेखिनु पनि नैराश्यता प्रदर्शनकै एउटा तरिका थियो । दललाई मत हाल्ने समानुपातिक निर्वाचनको मतपत्रमा समेत फरक चुनाव चिन्न खोज्नेको सङ्ख्या ठूलो देखियो । यो पनि परम्परागत शक्तिहरूसँगको एउटा विद्रोह हो ।

राजनीतिमा नागरिकहरू अझ त्यसमा पनि युवाको चासो बढेन, अग्रसरता देखिएन र आवश्यक परेमा हस्तक्षेपकारी भूमिकामा उभिन सकेनन् भने त्यो राजनीति एउटा निश्चित वर्गमा सीमित हुन्छ र वैयक्तिक वा समूहगत स्वार्थ पूर्तिको माध्यम मात्र बन्छ । यो अवस्थामा लोकतान्त्रिक शक्तिहरू पनि क्रमशः कुलीनतन्त्रको अभ्यासमा अभ्यस्त हुँदै जान्छन् । नेपाली राजनीतिमा देखिएको एउटा खतरा यो पनि थियो । युवाको हुँकारसहितको चासो र उपस्थितिले त्यस्तो अभ्यास गर्नबाट रोक्न सक्छ । यो चुनावमा युवाहरूको हुँकार पनि सही सुनिएको छ । अब संसद्मा र नीति निर्माणका अन्य संरचनाहरूमा पनि ठूलो स्वरमा त्यो हुँकार सुनाउन सक्ने 'ग्राउन्ड' यो निर्वाचनले तय गरिदिएको छ ।

नाता, परिवारमा सीमित, सम्पत्तिलाई नै लक्ष्य ठान्ने, विलासी शैली अपनाउने, शक्तिको दुरुपयोग गर्ने जस्ता विसङ्गतिको भीडबाट एक छिन पर उभिएर राजनीतिक रणनीति बनाउनका लागि प्रेरणाका रूपमा पनि चुनावलाई ग्रहण गर्न सक्नुपर्दछ । मतपत्रमा परेको स्वस्तिक छापको गन्ध बुझेर नयाँ पदचाप तय गर्ने दिशामा नेपाली राजनीतिलाई लैजाने क्षमता जसले देखाउँछ, उसँग मात्र नागरिकको अपेक्षा रहने निश्चित छ । शक्तिको दुरुपयोग गर्दै निश्चित वर्गको स्वार्थका लागि राजनीतिलाई बन्धक बनाउनेहरूको हातमा अब राजनीति रहन सक्दैन ।

निर्वाचनले संसद् त बनाउँछ नै । त्यो संसद्लाई कसरी गतिशील बनाउने भन्ने सन्देश पनि दिन्छ । यसपालिको निर्वाचनले संसद्लाई कसरी गतिशील बनाउने भन्ने सन्देशसमेत दिएको छ । त्यो आवाज संसद्का सबै सदस्यले सुन्ने क्षमता राख्छन् कि राख्दैनन् भन्ने दोस्रो कुरा हो, तर त्यसलाई नबुझ्न् वा नजरअन्दाज गर्नेहरू राजनीतिक खेलमा क्रमशः अस्वीकृत हुँदै जाने चाहिँ निश्चित छ । पाँच महिनाअघि जन्मेको पार्टीको जबर्जस्त उपस्थितिलाई व्यक्तिको उपस्थिति र उपस्थित व्यक्तिको सङ्ख्याका रूपमा मात्र व्याख्या गरिनु हुँदैन ।

निर्वाचनपछिको नेतृत्वले नागरिकमा उत्साह भर्ने र हाम्रै पालामा परिवर्तन सम्भव छ भन्ने सन्देश दिने ढङ्गले काम गर्नुपर्ने चुनौती बहन गर्नुपर्ने छ । यो चुनौतीको सम्बोधन गर्ने क्षमताको अपेक्षा अब आम नागरिकको पहिलो पर्खाइ हो ।

राजनीतिशास्त्रीहरूले राजनीतिलाई 'कला पनि हो र विज्ञान पनि हो' भनेर परिभाषित गरेका छन् । विज्ञानले परिणाम दिन्छ र कलाले परिणाम दिनका लागि काम गर्दछ । राजनीतिलाई कला पनि र विज्ञान पनि मान्ने हो भने राजनीतिमा सही कर्म गर्दै त्यस कर्मबाट सिङ्गो समाजलाई लाभान्वित गर्ने गरी राजनीतिकर्मीले काम गर्नुपर्ने हुन्छ । यसरी काम हुन नसक्दा नै नागरिक तहमा नैराश्यता थपिएको हो । एउटा प्रक्रियाको निरन्तरताका रूपमा मात्र राजनीतिक गतिविधिहरूलाई सीमित गर्दा राजनीतिसँग नागरिकको चासो छुट्दै गएको अवस्था हो ।

सिर्जनात्मक रूपमा आफ्नो 'कला पक्ष'लाई सबल बनाउँदै परिणाम दिनका लागि आफूलाई प्रतिबद्ध बनाउने हो भने मात्र त्यस्तो राजनीतिक अभ्याससँग नागरिकको चासो बढ्दै जान्छ । शक्तिको प्रयोग, शक्ति सन्तुलन र बाध्यकारी निर्णयहरूमा राजनीतिक कर्मलाई सीमित गर्दा नागरिकका दैनन्य आकाङ्क्षाको पूर्ति र समस्याहरूको सम्बोधन सही ढङ्गले हुन सक्दैनन् । नागरिकका समस्या र चाहनालाई कसरी राजनीतिकर्मीहरूले लिन्छन् र सम्बोधन गर्छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ ।

नेपालको लोकतान्त्रिक अभ्यासका क्रममा राजनीतिशास्त्रीले भनेको झैँ कला पक्ष र विज्ञान पक्षलाई सन्तुलित गर्न नसक्दा यस्ता तमाम समस्याहरू उब्जिएको मान्न सकिन्छ । स्थापित र परम्परागत शक्तिहरूका कतिपय व्यवहारले गर्दा नागरिकहरूमा हुर्किएको तीतो यथार्थ हाम्रासामु छ । पुस्ता हस्तान्तरणमा उदासीन, समकालीन समस्याहरूको पहिचानमा असक्षमता प्रदर्शन, आधुनिक विश्वसँग नेपाली समाजलाई जोड्ने प्रस्ट दृष्टिकोणको अभाव, बेरोजगारी समस्या सम्बोधनलाई प्राथमिकतामा नराखिनु, विचौलियाको बोलबाला बढ्दै जानु, अपारदर्शी सम्पत्ति कमाउने प्रवृत्तिको विकास, भ्रष्टाचार बिना कामै नहुने परिस्थिति बलियो बन्दै जानु, राज्यका संरचनाहरूप्रति नागरिकको विश्वास उड्दै जानु अहिलेका मुख्य प्रवृत्ति र चुनौती हुन् । यी प्रवृत्तिहरूबाट समाजले मुक्ति खोजिरहेको छ ।

'नो नट अगेन' जस्ता अभियानहरू, पुस्ता हस्तान्तरणका लागि दिइएका दबाबहरू उल्लिखित प्रवृत्तिबाट मुक्तिका लागि नै चलेका हुन् । उनै पात्र, उनै सोचले नागरिकमा पुनर्ताजगी हुन सक्दैन । समानुपातिकतर्फका अधिकांश उम्मेदवारहरूको अनुहार हेरेर पनि नागरिकहरूले समानुपातिकतर्फको मतपत्रमा समेत फरक चिह्न खोजेकोसमेत पाइयो । यसले पात्र र प्रवृत्तिमा समेत परिवर्तन खोजिएको देखाएको छ । यी सबै पक्षहरूलाई केलाएर हेर्दा यो चुनावले संसद् मात्र बनाएन, थुप्रै नयाँ सन्देशहरू पनि दिएको छ । सन्देशको मुख्य भाव प्रस्ट छ- अहिलेकै तरिकाले राज्य सञ्चालन हुन सक्दैन, अब कामको शैली परिवर्तन गर्नै पर्दछ । सबै निर्वाचित सांसदहरूले यो सन्देश बुझ्न सकून् । लोकतन्त्रको भविष्यमा यसैमा निर्भर छ । (लेखक नेपाल पत्रकार महासङ्घका अध्यक्ष हुनुहुन्छ) रासस

# बालबालिकामा हुने समस्या ब्रोंकियोलाइटिस के हो ?



**डा राजकुमार विक**

जाडो महिना सुरु हुन लागेसँगै कान्ति बाल अस्पतालमा बिरामीहरु बढ्न थालेका छन्। विशेषगरी २ वर्ष मुनीका बच्चा घ्यार-घ्यार गर्ने र श्वास फेर्न कठिनाई भएर इमरजेन्सीमा लिएर आउनुहुन्छ। तीमध्ये कतिको शरीरमा अक्सिजनको कमी भएर गम्भिर भएपछि एचडीयू / आइसियू मा भर्ना गरिन्छ वा कतिपयलाई बेड नपुगेर रिफर गर्नुपर्ने बाध्यता छ। आउनुहोस् आजको यस अंकमा हामी प्रायः गरेर २ वर्ष मुनीका बच्चालाई अस्पताल भर्ना गर्नुपर्ने एउटा प्रमुख कारण (ब्रोंकियोलाइटिस) बारे जानकारी लिऔं ।

**ब्रोंकियोलाइटिस के हो ?**

साना बच्चाहरु र शिशुहरुमा देखिने फोक्सो (ब्रोंकियोलस) को संक्रमण हो। जसले श्वासप्रश्वास प्रणालीको साना भागहरूमा सूजन निम्त्याउँछ र समस्याहरु देखापर्न थाल्दछन्। प्राय गरेर २ वर्ष मुनीका बालबालिका लाई असर गर्ने गर्दछ। रेस्पिअटोरी सेन्कीटाइल भाइरसले मात्रै विश्वभरीमा ५ वर्ष मुनीका करिब ३ करोड बच्चालाई असर गर्ने गरेको, त्यस्तै ३२ लाख बच्चाहरु अस्पताल भर्ना हुने गरेका छन् भने वार्षिक २ लाख बच्चाहरुले ज्यान गुमाउने गरेका छन्। प्राय गरेर २ वर्षभित्र सबै बालकलाई यो भाईरसले असर गरिसक्ने भएता पनि धेरैजसोमा सामान्य असर मात्रै देखिने गर्दछ।

**कारण के हो ?**

रेस्पिअटोरी सेन्किटाइल भाइरस, राइनो भाइरस पराइन्फ्लुजा इन्फ्लुन्जालगायत केही ब्याक्टेरियाले पनि गराउँछ। मुख्य कारणमा रेस्पिअटोरी सेन्किटाइल भाइरस नै हो ।

**लक्षणहरु के–के हुन ?**

सुरुवाती समयमा १-३ दिनको सामान्य हाच्छ्युँ तथा रुघा लाग्ने गर्दछ :

तारन्तर खोकी लाग्ने र सो खोकी ३ हप्तासम्म पनि रहन सक्छ ।

छिटो छिटो सास फेर्ने, कोखा हान्ने, शिशुहरूमा सास फेर्न कठिनाई

**छाति घ्यार घ्यार हुने**

प्राय ३ देखी ६ महिनाका बच्चालाई देखिने भएता पनी २ वर्ष मुनीलाई बढी असर गर्छ ।

त्यस्तै ६ हप्तामुनी को बच्चाहरुमा केही समय(१० सेकेन्ड)लाई श्वास नै रोक्ने समस्या देखिन्छ ।

**खान मन नगर्ने, जल बियोजन हुने**

शरीरमा अक्सिजनको कमी भई ओठ मुख निलो हुने गर्दछ ।

समयमा उपचार नपाए ज्यान पनि जान सक्छ

**कस्ता बच्चालाई गम्भिर प्रकृतिको समस्या आउछ त ?**

समय नपुगी बच्चा जन्मिएमा
कम तौल (२.५ केजी) को बच्चामा
उमेर ६-१२ हप्ता का भएमा
फोक्सोको दीर्घरोगी भएका बच्चामा
मुटुरोग भएका बच्चामा
कमजोर प्रतिरक्षा प्रणालीसंग
भीडभाडमा बस्नेहरू
बच्चाहरु डे केयरमा उपस्थित

रोकथामका उपाय

साना बच्चाहरुको अन्य बच्चाहरुसंग वा श्वासनली संक्रमणभएका वयस्कहरुसंग सम्पर्क नगर्नुहोस :

आफ्नो बच्चाको हेरचाह गर्नुअधि र पछि सधैं आफ्नो हात धुनुहोस

**खेलौनाहरु सफा राख्ने**

स्तनपानलाई प्रोत्साहन दिनुहोस् र पर्याप्त मात्रामा तरल पदार्थ प्रदान गर्नुहोस्

घरमा धूम्रपान नगर्नुहोस्, बच्चा भएको कोठा बाहेक अन्य कोठाहरूमा पनि

**जटिलताहरू**

कानको संक्रमण,निमोनिया,मुटु फेल हुने, केहीमा पछी गएर बालदम हुन सक्ने

(लेखक कान्ति बाल अस्पतालमा कार्यरत छन्।) सौजन्यः स्वास्थ्य खबर

# डोजर प्रयोगका कारण पहिराहरू

**आईएनएस**

डोजर सडक निर्माणकार्यमा धेरैजसो उचित जल निकासको पूर्ण अभाव, थुप्रै वनस्पतिहरूको जथाभावी विनाश हुनुका साथै लापरवाहीपूर्ण भीरमा माटो खसाल्ने गरेको पाइएको छ। नेपालभर बाढीले हरेक वर्ष जनजीवन, आवासहरू र जीविकोपार्जनका माध्यम नष्ट गर्ने गरेको छ। तर स्पष्ट आँखाले देखिरहेको अर्को विपत्ति प्रकट भइरहेको छ। यो विपत्ति अझ व्यापक छ र यो बाढीको प्रकोपको मूल कारण हो। तर यसलाई प्रायः पूर्णतया बेवास्ता गरिएको छ। यो विपत्ति भनेको सडक निर्माण नै हो।

यो भनाई हो नेपालमा अनुसन्धान गरिरहनु भएका डेन कार्लसनको। उहाँले सडक निर्माणमा डोजरले निम्ताएको विपत्तिबारे द हिमालय टाइम्समा लेख्नुभएको थियो।

ँसडक निर्माण भनेको ँविकास–उपचार होइन, धेरैले त्यही हो भनेर नाटक गरेका हुन्छन्। नेपालमा जसरी सडक निर्माण सर्वत्र छ, यो निर्माणको साथमा रहेको विनाश पनि सँगै जोडिएको छ। यदि तपाई पहाडको यात्रा गर्दै हुनुहुन्छ र सडकको खोजी गरिरहेको हुनुहुन्छ भने केवल पहिराहरूलाई हेर्नोस् त। नेपालको अधिकांश स्थानीय सडक सञ्जाललाई बिना योजना ठाडा डाँडाहरू जथाभावी काटिन्छ। यसले गर्दा पहिरो जान्छ र ठूलो मात्रामा जमिन बगाएर बगरमा परिणत गरिदिन्छ।

डोजर–सडक–निर्माण एउटा छिटो र सजिलो प्रचलन बनेको छ जसले प्रायःजसो ठेकदारहरू र सरकारी अधिकारीहरूलाई फाइदा दिइरहेको छ। तर यसले नेपाल र नेपालबाहिरका समुदायहरू, भूबनोट र पर्यावरणीय प्रणालीलाई क्षति पुऱ्याएको छ।

राष्ट्रभर मेयर निर्वाचित भएका ठेकदारहरूको आश्चर्यजनक प्रतिशतको विवरण प्रस्तुत गरेको थियो, जसमध्ये धेरैले आफ्ना फर्महरूलाई ठेक्का दिने काम गरेका छन्। बझाङ जिल्लामा सडक निर्माणले हालै सम्पन्न भएका ४४० मध्ये २८३ भन्दा बढी सिञ्चाइ आयोजनाहरू विनाश गरेको समाचार प्रकाशन भएको थियो। यस्तो खर्च ँविकास लागत होइन। यो लागत त भ्रष्ट राजनीतिज्ञहरू र ठेकदारहरूले आफूलाई समृद्ध बनाउन नेपाली जनताको ठूलो मूल्यमा गरेको निर्णय हो। यो राजनैतिक लाभको लागि गरेको अनावश्यक विनाश हो।

दिगो सडक निर्माणका रणनीतिहरू विद्यमान छन्। उदाहरणको लागि ँहरित सडक निर्माण एउटा स्थापित अभ्यास हो जसले स्थानीय सामग्री तथा जैविक इञ्जिनियरिङको प्रयोग गरेर सडक निर्माणको वातावरणीय असरलाई कम गर्छ। यी सडकहरूले स्थानीय श्रम उपयोग गर्छन् र स्थानीय समुदायहरूलाई आम्दानी हुने काम दिइरहेका हुन्छन्। जिरी सडक जस्ता उदाहरणहरू पूरै प्रभावकारी नभए तापनि ठूला सडक परियोजनाहरूले स्थानीय समुदायलाई सहयोग गर्दै वातावरणीय दुष्प्रभावलाई कम गर्न सक्छन् भन्ने यसले देखाएको छ।

डोजर–सडकहरू पहिराहरू ल्याउन प्रत्यक्ष रुपमा योगदान गराउँछन् भन्ने सर्व विदित छ। आधारभूत संरचनामा पहिले देखिनै खतरापूर्ण पहुँचमा रहेका दुर्गम समुदायहरू अझ एक्लिने र खतरामा पर्दै जान्छन्। डोजर सडक निर्माणले छोटो समयमा भूबनोटलाई मात्र क्षति पुऱ्याउँदैन, यस किसिमको निर्माणले त्यस भूबनोटमा भर पर्नेहरूलाई दीर्घकालीन रुपमा अझ कमजोर बनाउँछ।

सन् १९९८ देखि २०१६ सम्म नेपालको सडक सञ्जालको लम्बाइ ११ गुणाले बढेको



छ। हाल संघियताको कारण डोजर–सडक निर्माणको व्यापार चलिरहेको छ र धेरैले अझै वृद्धि हुने अनुमान गरेका छन्।

एउटा निकायले तराईका नदीमा गेग्रान थुप्रिनुमा चुरे पर्वत शृत लामा भएको फँडानीलाई बढी जिम्मेवार ठहऱ्याइएको छ। अझ विशेष गरी, व्यक्तिको निजी खराब स्रोत व्यवस्थापन अभ्यासलाई दोषी मानिन्छ। यसमा सत्यता छ भन्ने कुरामा शङ्का छैन। तर यी तर्कहरूले सरकार, भ्रष्टाचार र उनीहरूबाट अनुमति पाएको डोजर–सडक निर्माणमध्ये कुन जिम्मेवार छ भनेर ठहऱ्याउन सक्दैनन्।

नयाँ सडक निर्माण गर्ने हतारोले गर्दा तराईमा झन्झन् नराम्ररी बाढी बढाउँदै लगेको छ र देशभरि वन क्षेत्र, पर्यावरणीय प्रणाली र उत्पादनशील जमिनको धेरै विनाश गराएको हुन्छ। सडक र यसले दिने सेवा आवश्यक छ, तर सडक निर्माणको हालको प्रवृत्तिले तत्कालीन लाभको लागि धेरै दीर्घकालीन समस्याहरू ल्याएको छ। अनि, थुप्रै विपत्तिहरूजस्तै यी विपत्तिहरू थोरै धनी र शक्तिशाली मानिसहरूको कार्यले गर्दा अरु धेरैलाई हानि पुऱ्याएको छ।

नेपाली विकासविद् अनिल चित्रकारले नेपाली टाइम्समा लेख्नुभएको छ, हिजोआज नेपालभर यात्रा गर्दा देखिएका प्रमुख परिवर्तनहरूमध्ये जमिनमा चहलपहल गरिरहेका बुल्डोजरहरू, टिप्परहरू र उत्खनन गर्ने मसिनहरूको उपस्थिति हो। यिनीहरूले राजमार्गमा प्रभुत्व जमाइरहेको पाइन्छ र जब नदीखोलाको बगरबाट बाहिर निस्कन्छन् डाँडाकाँडामा नङ्गा गाडी रहेका हुन्छन् र जङ्गललाई चिथोरिरहेका छन्। सिंहदरबारभित्र बस्ने योजनाकारहरूले आफूलाई विकासका चालक भनेर दाबी गरेका हुन्छन् तर भित्री परिवेशमा सबैलाई थाहा छ कि वास्तवमा ँकसले विकासलाई हुने गराएका छन् । सडक निर्माणको कामलाई अहिले स्थानीय पालिका सरकारहरूले उत्प्रेरित गरिरहेका छन् र जथाभावी पैसा खर्च गरिरहेका छन्। यद्यपि अहिले कुल जनसंख्याको तीन चौथाई जनताले कुनै न कुनै प्रकारको सडकमा पहुँच पाएका छन्।

सडक भनेको दुईतर्फी काम हो। सडक स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन डिजाइन गरी निर्माण गरिएको हुन्छ, तर सडकले बजारलाई दुर्गम गाउँसम्म पुऱ्याइरहेको हुन्छ। यदि प्रतिस्पर्धात्मकता गुम्यो भने यसले स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पार्न सक्छ। सडकले अझ बढी उत्पादन गर्न उत्प्रेरित गर्छ, त्यही सडकले पोकापन्तरा बनाएर शहरतिर पलायन हुन वा विदेशतिर जान पनि उत्प्रेरित गर्नसक्छ।

राष्ट्रिय योजना आयोगको ग्रामीण सडक निर्माणमा भारी उपकरण प्रयोगबाट उत्पन्न विपद् सम्बन्धी अध्ययनको सम्पादित एक अंश।श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# चर्चामा डा तोसिमा



काठमाण्डु । प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहारमा ललितपुर निर्वाचन क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार डा तोसिमा कार्की प्रवेश गर्नुभएको छ । उहाँले ३१ हजार एक सय ६ मतसहित विजय प्राप्त गर्नुभएको निर्वाचन अधिकृत धर्मराज पौडेलले जानकारी दिनुभयो । प्रदेशसभासदस्य निर्वाचनमा आफ्ना निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का अमृत खड्काभन्दा १८ हजार एक सय ७३ भन्दा बढी मत प्राप्त गरी विजय हुनुभएको हो । खड्काले १२ हजार नौ सय ६३ मत प्राप्त गर्नुभएको छ । अर्का प्रतिस्पर्धी नेकपा (माओवादी केन्द्र)की पम्फा भुसालले आठ हजार सात सय ६९ मत प्राप्त गर्नुभएको छ ।

घण्टी चिह्नमा चुनाव लड्नुभएका उहाँ पेसाले पाटन अस्पतालमा चिकित्सक (जनरल सर्जन) हुनुहुन्छ । पिता पदमबहादुर कार्की र माता दीपा कार्कीका छोरी डा तोसिमाको जन्म विसं २०४६ मा भएको हो । ललितपुर महानगरपालिका-१८ नख्खुखोला मार्ग निवासी डा तोसिमाले कक्षा दशसम्मको अध्ययन स्थानीय शहीद धर्मभक्त विद्यालयमा गर्नुभएको थियो । मोडर्न इन्डियन स्कुल, चोभारबाट कक्षा १२ तथा किष्ट मेडिकल कलेज, ललितपुरबाट एमविविएससम्मको अध्ययन पूरा गर्नुभएको हो ।

काठमाडौं विश्वविद्यालयबाट जनरल सर्जरीमा मास्टर्स तोसिमा नेपाल मेडिकल काउन्सिलको निर्वाचित केन्द्रिय सदस्य हुनुहुन्छ । सानैदेखि नेतृत्वदायी भूमिका रुचाउने उहाँले भूकम्पमा सिन्धुपाल्चोकको बतासे, रामेछाप, नुवाकोटको साल्मे, ललितपुरको ठूलादुर्लुङ लगायतका स्थानमा स्वास्थ्य तथा राहत शिविरको नेतृत्व गर्नुभएकी तोसिमा सामाजिक न्यायका अभियान र भ्रष्टाचारविरुद्धका आन्दोलनमा समेत सक्रिय हुनुहुन्छ ।

निर्वाचनमा विजयी भएपछि उहाँले बोल्न नसक्नेको आवाज बन्ने, मौलिक हकअधिकार सुनिश्चितताको लागि लड्ने तथा शोषण, अन्याय, अत्याचार र हिंसाविरुद्ध सधैं उभिने प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, ‟चुनावका लागि सार्वजनिक गरेको घोषणापत्र अनुसार म स्वास्थ्य शिक्षा स्वरोजगारको सुनिश्चितताको आधार बन्ने छु ।’रासस

# निर्वाचन अपडेट : कुन दलका कति ?

काठमाण्डु । आइतबार सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ । निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभातर्फ आज दिउँसोसम्म प्रत्यक्षतर्फको एक सय ६५ निर्वाचन क्षेत्रमध्ये सार्वजनिक भएका स्थानमा नेपाली कांग्रेसले अग्रता कायमै राखेको छ ।

आयोगको पछिल्लो तथ्याङ्कअनुसार नेपाली कांग्रेस ३० स्थानमा विजयी भएको छ । मुस्ताङबाट योगेश गौचन थकालीको विजयसँगै खाता खोलेको कांग्रेसले हालसम्म ३० स्थानमा विजय हासिल गरेको हो ।

कांग्रेसका विजयी उम्मेदवारमा प्रधानमन्त्री तथा कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा विजयी हुनुभएको छ ।

त्यस्तै, नेताहरु प्रकाशमान सिंह, डा शशाङ्क कोइराला, दीलेन्द्रप्रसाद बडू, रमेश लेखक, वीरबहादुर बलायर, प्रदीप पौडेल, सन्तोष चालिसे, राजन केसी, उदयशम्शेर जबरा, दुर्लभ थापा क्षेत्री, ई मोहन आचार्य, रामहरि खतिवडा, अजयकुमार चौरसिया पनि विजयी हुनुभएको छ ।

विजयी अन्य उम्मेदवारमा रमेश रिजाल, श्यामकुमार घिमिरे, टेकबहादुर गुरुङ, किशोरसिंह राठोर, दिक्पालकुमार शाही, हृदयराम थानी, पुष्पबहादुर शाह, नारायणप्रसाद साउद, शङ्कर भण्डारी, राजेन्द्र बजगाईं, देवप्रसाद तिमिल्सिना र खमबहादुर गर्बुजा हुनुहुन्छ ।

यसैगरी नेकपा (एमाले) १७ स्थानमा विजयी भएको छ । एमालेका विजयी उम्मेदवारहरुमा अध्यक्ष केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, योगेशकुमार भट्टराई, गोकर्णराज विष्ट, कृष्णगोपाल श्रेष्ठ, टोपबहादुर रायामाझी, राजेन्द्रकुमार राई, लालप्रसाद (एलपी) साँवा लिम्बू, देवराज घिमिरे, अम्बरबहादुर रायामाझी, मानवीर राई, राजकुमार गुप्ता, महेशकुमार बर्तौला, प्रेमबहादुर महर्जन, विद्या भट्टराई, पदम गिरी र वासुदेव घिमिरे विजयी हुनुभएको छ ।

नेकपा (माओवादी केन्द्र) नौ स्थानमा विजयी भएको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेताहरु वर्षमान पुन, शक्तिबहादुर बस्नेत, देवेन्द्र पौडेल, राजकुमार राई, लेखनाथ दाहाल, रेखा शर्मा, पूर्णबहादुर विश्वकर्मा र माधव सापकोटा विजयी हुनुभएको छ ।

यस्तै, नेकपा (एकीकृत समाजवादी) छ स्थानमा विजयी भएको छ । समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, कृष्णकुमार श्रेष्ठ, प्रकाश ज्वाला, शेरबहादुर कुँवर, प्रेमबहादुर आले र भानुभक्त जोशी विजयी हुनुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी ५ स्थानमा विजयी भएको छ । पार्टी अध्यक्ष रवि लामिछानेका साथै सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली र विराजभक्त श्रेष्ठ विजयी हुनुभएको छ ।

त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तीन स्थानमा जित हासिल गरेको छ । राप्रपाका धवलशम्शेर राणा, दीपकबहादुर सिंह र ज्ञानबहादुर शाही विजयी हुनुभएको हो ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट सर्वेन्द्रनाथ शुक्ला र रामप्रकाश चौधरी विजयी हुनुभएको छ भने जनता समाजवादी पार्टी (जसपा) प्रदीप यादव विजयी हुनुभएको छ ।

जनमत पार्टीका चन्द्रकान्त राउत, स्वतन्त्रतर्फ लालवीर चौधरी र नागरिक उन्मुक्तिपार्टीबाट गङ्गाराम चौधरी निर्वाचित हुनुभएको आयोगले जनाएको छ । रासस

# मिलीजुली सरकार बनाउनुपर्ने अवस्था आयो- अध्यक्ष ओली



झापा । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अब मुलुकमा मिलीजुली सरकार निर्माण गर्नुपर्ने अवस्था आएको बताउनुभएको छ ।


झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित ओलीले झापाको दमकस्थित निर्वाचन आयोगमा प्रमाणपत्र ग्रहण गर्दै सो धारणा राख्नुभएको हो ।

पूर्वप्रधानमन्त्री ओलीले नेकपा (एमाले)ले मुलुकमा स्थिरता, स्थायित्व कायम गर्न खोजेको तर त्यसअनुसार निर्वाचनको परिणाम भने नआएकाले मिलीजुली सरकार बनाउनेतर्फ राजनीतिक पार्टी लाग्नुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो ।

उहाँले अबको एक–दुई वर्ष बहुमतको सरकार बनाउन गाह्रो हुने र बहुमतको सरकार बनिहाले पनि टिकाउन गाह्रो हुने उहाँले बताउनुभयो ।

यो निर्वाचन परिणामले मुलुक अस्थिरतातर्फ जाने खतरा बढेको तर्क गर्नुभयो ।रासस

# अध्यक्ष नेपाल छैटौं पटक संसदमा



काठमाण्डु । संसद्कै ठूलो कम्युनिष्ट पार्टी नेकपा(एमाले) बाट अलग भइ गठन भएको नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल छैटौं पटक सङ्घीय संसद्मा प्रवेश गर्नुभएको छ ।

उहाँ रौतहट क्षेत्र नं १ बाट ३३ हजार पाँच सय २२ मत ल्याई निकटतम प्रतिद्वन्द्वी एमालेकै अजयकुमार गुप्तालाई फराकिलो मतान्तरले पछि पार्दै विजयी हुनुभएको हो ।

नेपाली कांग्रेसले नेतृत्व गरेको वर्तमान लोकतान्त्रिक वाम गठबन्धनबाट सरकारको एक घटक एकीकृत समाजवादीका नेता नेपाल सोही गठबन्धनका सहयोगमा प्रतिनिधिसभामा पुग्न सफल हुनुभएको छ ।

यसअघि विसं २०४८ देखि २०५६ सम्म राष्ट्रियसभा सदस्य तथा प्रमुख विपक्षी दलका नेता रहनुभएका नेपाल विसं २०५६, २०६५, २०७० र २०७४ मा पनि प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो । उहाँले विसं २०५० सालदेखि २०६५ वैशाखसम्म नेकपा (एमाले) महासचिवको जिम्मेवारी सम्हाल्नुभएको थियो ।

विसं २०६६ जेठदेखि २०६७ माघसम्म प्रधानमन्त्री हुनुभएका अध्यक्ष नेपाल त्यसअघि एमालेका अध्यक्ष मनमोहन अधिकारीका नेतृत्वमा रहेको मन्त्रिमण्डलमा विसं २०५१ मङ्सिरदेखि २०५२ भदौसम्म परराष्ट्र र रक्षामन्त्रालयको कार्यभारसहित उपप्रधानमन्त्री हुनुहुन्थ्यो ।

विसं २०२२ देखि वामपन्थी विद्यार्थी सङ्गठनबाट राजनीतिमा संलग्न हुनुभएका उहाँ विसं २०२६ मा नेकपा(पुष्पलाल समूह)मा आवद्ध हुनुभयो ।

**उहाँसँग नेकपा सचिवालय सदस्य एवं विदेश विभाग प्रमुखको जिम्मेवारी सम्हालेको अनुभव पनि छ ।**

उहाँसँग नेकपा सचिवालय सदस्य एवं विदेश विभाग प्रमुखको जिम्मेवारी सम्हालेको अनुभव पनि छ । ‘नेपाल अधिराज्यको संविधान २०४७’ संविधान सुझाव आयोगका सदस्य तथा संविधानसभा, संवैधानिक समितिका सभापति भएर उहाँले काम गर्नुभयो ।

पिता मङ्गलकुमार र माता दुर्गादेवी उपाध्यायका कोखबाट विसं २००९ फागुन २३ गते रौतहटमा जन्म भई राजनीतिक आन्दोलनका क्रममा १६ वर्ष भूमिगत तथा पटक-पटक गरी दुई वर्ष ६ महिना बन्दी जीवन बिताउनुभएका नेता नेपाल शाही शासनकालमा घरमै नजरबन्द हुनुभएको थियो ।

निष्ठावान् राजनीतिज्ञका रूपमा आफूलाई परिचित गराउन चाहने अध्यक्ष नेपालले मुलुकको शान्तिप्रक्रियामा ठूलो भूमिका खेल्नुभएको छ । उहाँको ‘ जनताको बहुदलीय जनवाद’ र ‘जनता जाग्दैछन्’, शीर्षक कृति प्रकाशन हुनाका साथै उहाँसँग सम्बन्धित ‘संसद्मा माधव नेपाल’, ‘प्रधानमन्त्री माधव नेपाल’का मन्तव्यलगायत कृति पनि सार्वजनिक भएका छन् ।रासस

# यही व्यवस्थाभित्र रहेर अवस्था परिवर्तन गर्ने सङ्कल्प छ : अध्यक्ष लामिछाने

चितवन । राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले यही व्यवस्थाभित्रै रहेर अवस्था परिवर्तन गर्ने आफ्नो सङ्कल्प रहेको बताउनुभएको छ ।

चितवन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा विजयी भएपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उहाँले अहिलेको संविधान र व्यवस्थाभित्र रही जनताको अवस्था बदल्ने गरी काम गर्ने बताउनुभयो ।

‘हाम्रो विजय देशमा परिवर्तन चाहने आम दाजुभाई तथा दिदीबहिनीको हो’, उहाँले भन्नुभयो । संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टीलाई जिम्मेवार दलका रुपमा अगाडि बढाउने उहाँको भनाइ छ ।

‘मुलुक र नागरिकको हित के गर्दा हुन्छ भन्ने विषयमा जिम्मेवार भएर प्रस्तुत हुन्छौं’, उहाँले भन्नुभयो, ‟अघिल्लो पुस्तासँग भएको निराशा र हामीसँग भएको आशा एवं अपेक्षामा खरो उत्रनेछौं ।’

उहाँले अहिलेनै सरकारमा जाने वा नजाने भन्ने विषयमा टुङ्गो नलागेको बताउनुभयो । ‘पार्टीको बैठकबाट यसबारे निर्णय गर्छौं’, उहाँले भन्नुभयो,‟एक सय दिनमा एक सय युवा स्वदेश फर्काउने चुनावी ऐजेण्डा कार्यान्वयनमा ल्याउने छौं ।’

उहाँले जुन कुरा आम नागरिकको हितमा हुन्छ आफू त्यसको पक्षमा हुने बताउनुभयो ।‟मैले कहिँकतै बाटो बिराए भने खबरदारी गर्नुहोला, मलाई मतदान गरी विजयी गराउने सबैमा आभार व्यक्त गर्दछु’, उहाँले भन्नुभयो ।रासस

# आम मतदाताको भावना र प्रतिस्पर्धी दलहरूको सुझावअनुसार अगाडि बढ्नेछु : वरिष्ठ नेता पौडेल

काठमाण्डु । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आम मतदाताको भावना, प्रतिस्पर्धी दलहरूको सुझावअनुसार अगाडि बढ्ने प्रतिबद्धता र सङ्कल्प गर्नुभएको छ ।

तनहुँ-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि आज सामाजिक सञ्जालमा प्रतिक्रिया लेख्दै उहाँले पार्टी सङ्गठनभित्र पार्टीको सिद्धान्त, आदर्श र निष्ठाको अभियानलाई अगाडि बढाउन आगामी दिनमा अझ बढी सक्रिय रहने उल्लेख गर्नुभएको छ ।

संविधानको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, धर्मनिरपेक्षता, समावेशीता र आर्थिकरूपमा समृद्ध नयाँ नेपाल निर्माणमा यसपटक प्राप्त गरेको जनादेशले स्पष्ट सन्देश दिएको मैले महसुस गरेको छु, वरिष्ठ नेता पौडेलले उल्लेख गर्नुभएको छ ।

यस निर्वाचनमा जनताद्वारा तनहुँ जिल्लाको विकासको जिम्मा गठबन्धनलाई प्राप्त भएको महसुस गरेको उहाँले उल्लेख गर्नुभएको छ । उहाँले निर्वाचनले दिएको सन्देशको गम्भीर विश्लेषण गरी आजको आवश्यकता सुशासन, समृद्धि र विकासलाई ध्यान दिँदै राष्ट्रिय राजनीतिमा तनहुँको प्रतिष्ठाजनक भूमिका स्थापित गर्दै समग्र मुलुक र तनहुँ जिल्लाको विकास गर्न आम जनताको साझा प्रतिनिधिका रूपमा कार्य गर्ने र देशलाई सुशासन दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

उहाँले यस निर्वाचनलाई सम्पन्न गर्न सहयोग पुर्याउने सम्पूर्ण मतदाता, निर्वाचन आयोग, निर्वाचनमा अहोरात्र खटिनुभएका सबै कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, निर्वाचन पर्यवेक्षक तथा गठबन्धनका सहयात्री दललगायत आम तनहुँबासीलाई समेत आभारसहित धन्यवाद ज्ञापन गर्नुभएको छ ।रासस

# नेता पुनको यस्तो छ राजनीतिक जीवन



काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले रोल्पा जिल्लाबाट प्रतिनिधिसभा सदस्यका रुपमा दोस्रो पटक विजयी हुनुभएको छ ।

यसअघि विसं २०७४ मा भएको निर्वाचनमा पनि उहाँले सोही जिल्लाबाट विजयी हुनुभएको थियो । संसदीय राजनीतिमा यो उहाँको तेस्रो विजयी यात्रा हो । विसं २०६४ मा भएको संविधानसभाको निर्वाचनमा उहाँले ललितपुर क्षेत्र नं १ बाट विजयी हुनुभएको थियो ।

विसं २०७० को संविधानसभाको निर्वाचनमा भने उहाँ मोरङबाट पराजित हुनु भएको थियो । पूर्वअर्थमन्त्रीसमेत रहनुभएका नेता पुन सत्तारुढ वाम लोकतान्त्रिक गठबन्धनकोतर्फबाट साझा उम्मेदवार हुनुहुन्छ । उहाँले कूल ४१ हजार सात सय १४ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा(एमाले)का पूर्णबहादुर बुढामगरले १६ हजार चार सय ८५ मत प्राप्त गर्नुभयो । विजयी हुनुभएका नेता पुनले २५ हजार दुई सय २९ मतको अग्रता कायम राख्नुभयो ।

निर्वाचन आयोगका अनुसार सो जिल्लामा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार लीला रावलले दुई हजार पाँच सय ५६, राप्रपा नेपालका रामबहादुर वली क्षेत्रीले आठ सय तीन र नेपाल मजदुर किसान पार्टीका नातीभाई हृयोम्बाले एक सय ५२ मत प्राप्त गर्नुभएको छ ।

संयोग कस्तो परेको छ भने निर्वाचित हुनुभएका पुन एमाले) र माओवादी केन्द्रमा विभक्त गरिदिएपछि बुढामगर एमालेमा नै रहनुभयो । यसपटक पूर्वसहकर्मीबीचको प्रतिस्पर्धालाई राष्ट्रिय रुपमा नै महत्वका साथ र उहाँका प्रतिस्पर्धी बुढामगर तत्कालीन समयमा एउटै पार्टीमा आबद्ध हुनुहुन्थ्यो । पुन तत्कालीन जनमुक्ति सेनाको डेपुटी कमाण्डरको भूमिकामा रहँदा बुढामगर भने उहाँ मातहतको कमाण्डरको रुपमा हुनुहुन्थ्यो । सर्वोच्च अदालतले तत्कालीन नेकपालाई नेकपा( हेरिएको थियो ।

**पञ्चायकालमै अनेरास्ववियुमा आबद्ध हुँदै वाम आन्दोलनमा सक्रिय हुनुभएका उहाँले विसं २०५२ देखि नै जनयुद्धमा सहभागी हुनुभयो । उहाँले तत्कालीन माओवादीको तर्फबाट काठमाडौं उपत्यकामा आन्दोलन परिचालन गर्ने मुख्य नेतृत्वमा हुनुहुन्थ्यो । अनन्तको नामले परिचित नेता पुनले राज्यबाट संविधानसभा पदक प्राप्त गर्नुभएको छ ।**

सुरुआती चरणदेखि नै अग्रता कायम गर्दै माओवादी केन्द्रका उम्मेदवार पुनले अन्तिमसम्म नै त्यसलाई कायम राख्नुभएन, फराकिलो मतान्तरले विजयी हुनुभयो । रोल्पामा कूल मतदाता संख्या एक हलाख ४५ हजार चार सय ७१ रहेपनि यही मङ्सिर ४ गते भएको निर्वाचनमा ६१ हजार सात सय १० मत मात्रै खसेको थियो । कूल सदर मत ६१ हजार सात सय १० हुँदा बदर मत भने पाँच हजार तीन सय ११ रहेको छ । प्रदेशसभातर्फ (१) मा माओवादी केन्द्रकै जोखबहादुर महरा निर्वाचित हुनुभएको छ भने (२) मा माओवादी केन्द्र छाडेर स्वतन्त्र उम्मेदवारी दिनुभएका दीपेन्द्र पुन निर्वाचित हुनुभएको छ ।

निर्वाचित नेता पुनको जन्म रोल्पाको जंकोटमा विसं २०२८ जेठ १८ गते भएको हो । उहाँका बाबुको नाम इर्खराम पुन र आमाको नाम तिर्थमाली पुन हो । उहाँको जीवन सङ्गीनी ओनसरी घर्ती काठमाडौं क्षेत्र नं २ बाट गठबन्धनको साझा उम्मेदवार भएपनि जीत निकाल्न सक्नु भएन । प्राथमिक शिक्षा रोल्पाको बालकल्याण माविबाट पूरा गर्नुभएका पूर्वऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री रहनुभएका नेता पुनले २०४९ मा नेपाल ल ल क्याम्पसबाट बीएल गर्नुभएको छ ।

पञ्चायकालमै अनेरास्ववियुमा आबद्ध हुँदै वाम आन्दोलनमा सक्रिय हुनुभएका उहाँले विसं २०५२ देखि नै जनयुद्धमा सहभागी हुनुभयो । उहाँले तत्कालीन माओवादीको तर्फबाट काठमाडौं उपत्यकामा आन्दोलन परिचालन गर्ने मुख्य नेतृत्वमा हुनुहुन्थ्यो । अनन्तको नामले परिचित नेता पुनले राज्यबाट संविधानसभा पदक प्राप्त गर्नुभएको छ ।रासस


## मुखियापट्टी मुसहरनिया गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
### तुलसियाही जब्दी, धनुषा

## एम्वुलेन्स खरिद गर्ने सम्वन्धी सुचना

दोस्रो पटक प्रकासित मिति २०७९/०८/०८

यस कार्यालयको आवश्यक पर्ने देहाय बमोजिमको एम्वुलेन्स खरिदको लागी सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा (१)(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) बिधि वाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ख को उपनियम (२) अनुसार देहाय बमोजिमको सवारी साधन बिक्री गर्न चाहने उत्पादक तथा अभधिकारीक बिक्रेताले आआफ्नो उत्पादनको आधिकारीक स्पेसिफिकेशन गुण्स्तर मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोशर) संलग्न राखी यो सुचना प्रकासित भएको मितिले ७ सात दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्वन्धित उत्पादन वा आधिकारिक बिक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक सवारी साधनको विवरण**

| Type of vechicle | Requirement (General specifications) | No. of vehicles |
|---|---|---|
| 1. 4WD Hard top Ambulance | Three door Right Hand four Wheel Drive Hard top suitable for driving in Nepal. 4 stoke, water cooled Disel Engine. Developing rated power output not less than 45kw and torque should not be less than 110 N–m at government RPM.fully equipped with all assessories with power streering, Emission standerd 2069 which is to be certified by deparment of Transportort management Nepal, Transmission manual shift at least five forward and one reverse, minimum ground clearance 160mm, standard color, all basic life support equipment type b as prescribed by ambulance service guideline 2078 heavy duty with toe hookin front and rear preferred chassis and frame ,mimimunone year warrantyafter acceptance. | 1 (one) |

**नोट**- यस सम्वन्धी बिस्तृत प्राविधिक स्पेसिफिकेशनको लागी गाउँपालिको Website तथा गाउँपालिका सम्पर्क नम्वर ९८५४०३००२२, Email address–mmrmmun@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# हिंसाविरुद्धको संयुक्त राष्ट्रसंघ दिवसको पूर्वसन्ध्यामा अफगानमहिलाद्वारा प्रदर्शन

**एएफपी**

काबुल । संयुक्त राष्ट्रसङ्घको महिला हिंसा उन्मूलन दिवसको पूर्वसन्ध्यामा एक दर्जनभन्दा बढी अफगानी महिलाले आफ्नो अधिकारलाई मान्यता दिन माग गर्दै बिहीबार काबुलमा प्रदर्शन गरेका छन् ।

अन्तर्राष्ट्रिय महिला हिंसा उन्मूलन दिवस हरेक वर्ष नोभेम्बर २५ का दिन मनाइन्छ । संयुक्त राष्ट्रसङ्घका अनुसार अफगानिस्तानमा महिला तथा बालिकाविरुद्ध हुने हिंसा र विश्वमा सबैभन्दा व्यापक रूपमा मानव अधिकार उल्लङ्घनको रूपमा रहेका छन् । महिलाविरूद्धको हिंसाले अफगानिस्तानको तीनमध्ये एक महिलालाई प्रभावित गरेको छ ।



गत वर्षको अगष्टमा तालिवान सत्तामा फर्किएपछि अफगानी महिलाहरू सार्वजनिक अधिकारबाट वञ्चित भएका छन् । यसको विरोधमा साना समूहहरूले आकस्मिक रूपमा गरेका विरोध प्रदर्शनले कहिलेकाहीं हिंस्रक रूप लिएपनि प्रायःजसो तिनीहरू तुरुन्तै बन्द हुनेगरेका छन् । एक प्रदर्शनकारीले बोकेका दारी भाषामा लेखिएको प्लेकार्डमा लेखिएको छ, "हामी (अफगानी महिला) अन्त्यसम्म आफ्नो अधिकारका लागि लड्नेछौं र आत्मसमर्पण गर्ने छैनौं । उनीहरूले 'महिला, जीवन र ऐक्यबद्धता' को नारा लगाएका थिए। समूहका अधिकांश सदस्यले गाढा कालो चश्मा लगाएका थिए, टाउको बुर्काले ढाकेका थिए र सर्जिकल मास्कले अनुहार छोपेका थिए । तालिवान लडाकूहरूले कारबाहीलाई नजिकबाट नियालिरहेका थिए भने गुप्तचर सेवाका अधिकारीहरू बोकेका कारहरूले छिमेकलाई घेरेका थिए ।

आयोजकका अनुसार तालिबान प्रशासनले तीन जना प्रदर्शनकारीलाई केही समयका लागि हिरासतमा लिएको र उनीहरूलाई ' अपमानित र दुरूत्साहित' गरेका छन् "।तालिबान महिलाहरूको गतिविधिबाट निकै डराउँदछ, त्यसैले उनीहरूले महिलाहरूलाई पक्राउ गरेर र जेलमा राखेर घरमा बस्न डराउने प्रयास गर्छन्,' नाम नबताउने शर्तमा एक आयोजकले एएफपीलाई बताए ।

"तालिबानको शासनकालमा अफगानी महिलालाई पुरूषसरह मान्यता दिइएको छैन । आज, महिलाहरू काममा जान, अध्ययन गर्न वा सजिलै अन्य क्रियाकलाप गर्न पनि सक्दैनन् ।

तालिबान सत्तामा फर्केपछि अधिकांश महिला सरकारी कर्मचारीले आफ्नो रोजगारी गुमाइसकेका छन् वा उनीहरूलाई घरमै बस्नका लागि थोरै रकम दिइएको छ। महिलालाई पुरुष नातेदारबिना यात्रा गर्न निषेध गरिएको छ र घरबाहिर निस्कँदा बुर्का वा हिजाबले छोप्नुपर्छ ।

यसै महिना तालिबानले महिलाहरूलाई पार्क, फनफेयर, जिम र सार्वजनिक स्नानमा प्रवेश गर्न प्रतिबन्ध लगाएको थियो । देशका अधिकांश भागमा किशोरीका लागि बनाइएका विद्यालय पनि बन्द गरिएका छन् । बुधबार मध्य प्रान्त उरुज्गानका दूरसञ्चार अधिकारीहरूले महिलाहरूलाई अब मोबाइल फोनको सिमकार्ड किन्न अनुमति नदिइएको बताएका थिए ।

# स्विट्जरल्याण्ड विजयी

**एजेन्सी**

काठमाण्डु । स्विट्जरल्याण्डले क्यामरुनलाई पराजित गर्दै कतारमा जारी फिफा विश्वकप फुटबलमा विजयी सुरुआत गरेको छ । कतारको अल जानुब स्टेडियममा विहीवार भएको खेलमा क्यामरुनलाई १-० गोलले हराउँदै स्विट्जरल्याण्डले विजयी सुरुआत गरेको हो ।



स्विट्जरल्याण्डको जितमा ब्रिल एम्बोलोले गरेको एक गोल नै निर्णायक गोल साबित भयो । उनले खेलको ४८ औं मिनेटमा साकिरीको पासमा गोल गरेका थिए । यस जितसँगै समूह 'जी' मा रहेको स्विट्जरल्याण्डले ३ अङ्क जोडेको छ । समूह जी अन्तर्गत आज हुने अर्को खेलमा पाँच पटकको विश्व विजेता ब्राजिलले सर्बियाको सामना गर्नेछ । त्यसैगरी समूह एच मा आजै उरुग्वे र दक्षिण कोरिया तथा पोर्चुगल र घानाबीच प्रतिस्पर्धा हुनेछ ।

# फिफा विश्वकप फुटबलमा स्पेन विजयी



**एजेन्सी**

काठमाण्डु । कतारमा जारी फिफा विश्वकप फुटबलमा स्पेनले कोस्टारिकालाईपराजितगर्दैप्रतियोगितामा विजयी सुरुआत गरेको छ।

कतारको अल थुमामा स्टेडियममा विहीवार राति भएको खेलमा कोस्टारिकालाई ७-० गोल अन्तरले हराउँदै स्पेनले विजयी सुरुआत गरेको हो । स्पेनले खेलको पहिलो हाफमा ३ तथा दोस्रो हाफमा ४ गोल गर्‍यो । स्पेनको जितमा फेरान टोरेसले दुई गोल गरे भने डानी ओल्मो, मार्को एसेन्सियो, गाभी, कार्लोस सोलेर र अल्भारो मोराटाले एक/एक गोल गरे ।

स्पेनले खेलको ११औं मिनेटमा ओल्मोको गोलबाट सुरुआती अग्रता बनाएको थियो । खेलको २१औं मिनेटमा एसेन्सियोले गोल गर्दा स्पेनको अग्रता २-० को बन्यो। खेलको ३१औं मिनेटमा फेरान टोरेसले पेनाल्टीबाट गोल गरेपछि स्पेन पहिलो हाफमा ३-० ले अघि रह्यो।

कोस्टारिकाका ओस्कारले जोर्डी अल्बालाई पेनाल्टी एरियाभित्र फउल गर्दै लडाएपछि स्पेनले पेनाल्टीको अवसर पाएको हो । खेलको ५४औं मिनेटमा टोरेसले व्यक्तिगत दोस्रो गोल गर्दै स्पेनलाई ४-० को अग्रता दिलाए। ७५औं मिनेटमा गाभीले गोल गर्दै स्पेनलाई ५-० को अग्रता दिलाए।

खेलको ९०औं मिनेटमा सोलेरले गोल गर्दै स्पेनलाई ६-० को अग्रता दिलाए । त्यसपछि खेलको इन्जुरी समयमा मोरटाले गोल गर्दै स्पेनलाई ७-० गोलको फराकिलो जित दिलाए। यस जितसँगै समूह 'ई' को स्पेनले पहिलो खेलमै ३ अङ्क जोडेको छ।

# आर्थिक सङ्कटका बाबजुद लेबनानी संसद राष्ट्रपति चयन गर्न फेरि असफल

**एएफपी**

बेरुत । लेबनानको संसद पूर्व राष्ट्रपति मिचेल आउनको उत्तराधिकारी चयन गर्न बिहीबार सातौं पटक असफल भएको छ ।

इरानसमर्थित शक्तिशाली हिजबुल्लाह आन्दोलनका समर्थक र यसका विरोधीबीच संसद् विभाजित भएपछि कुनै समूहमा स्पष्ट बहुमत नहुँदा राष्ट्रपतिको चयनमा समस्या भएको हो ।

संयुक्त राज्य अमेरिकाको निकट मानिने सांसद मिचेल मोआवदले संसदका १२८ सांसदमध्ये ४२ को समर्थन प्राप्त गर्नुभएको छ, जुन सङ्ख्या आवश्यक बहुमतभन्दा निकै कम हो । यद्यपि हिजबुल्लाह समर्थक सांसदहरूले खसालेको मतपत्रको सङ्ख्याभन्दा बढी हो ।

मोआवदको उम्मेदवारीको हिजबुल्लाहले विरोध गरेको छ, जसका नेता हसन नसरल्लाहले यसै महिना संयुक्त राज्य अमेरिकाको विरुद्धमा खडा हुन तयार राष्ट्रपतिको आह्वान गर्नुभएको थियो

यो चुनावी प्रक्रिया होइन, यो सम्झौताका लागि पर्खने प्रक्रिया हो, जसले देश, जनता, अर्थतन्त्र र संविधानलाई हानि पुर्‍याउँछ,' क्रिश्चियन सांसद तथा मोआवद समर्थक सेमाई गेमायेलले भन्नुभयो ।

यसअघि पनि लेबनानमा राष्ट्रपतिको चयन प्रक्रियामा ढिलाइ हुने गरेको थियो । सन् २०१६ मा ओउनको आफ्नै निर्वाचनपछि राष्ट्रपति भवनमा दुई वर्षभन्दा बढी समय रिक्त भएपछि सांसदहरूले उहाँको उम्मेदवारीमा सहमति जुटाउनुअघि ४५ पटक असफल प्रयास गरेका थिए ।

तर गत महिनाको अन्त्यमा उहाँको कार्यकाल सकिनुअघि नै आउनको उत्तराधिकारी चयन गर्न असफल हुनु र लेबनानी आर्थिक सङ्कट विश्व बैंकले आधुनिक इतिहासकै सबैभन्दा खराब मध्येको एक बताएको अवस्थामा हुनुमा संयोग देखिएको छ। आपतकालीन ऋणमा अरबौं डलरको रिहाईको लागि मार्ग प्रशस्त गर्न व्यापक सुधारहरू लागू गर्न आवश्यक छ भन्ने ऋणदाताहरूको चेतावनीको बावजुद देशमा मे देखि कामचलाउ सरकारले काम गर्दै आएको छ ।

"नसोचिएको संस्थागत शून्यताले लेबनानी जनताको समस्यालाई अझ गहिरो बनाउँदै सङ्कट समाधान र महत्वपूर्ण सुधार अनुमोदनसम्बन्धी कुनै पनि सम्झौतामा थप ढिलाइ गर्नेछ,' विश्व बैंकले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

लेबनानको सन् २०१८ देखि वास्तविक कुल गार्हस्थ्य उत्पादनमा ३७.३ प्रतिशतले सङ्कुचन आएको छ, जुन विश्वकै सबैभन्दा खराब मध्येको एक हो । यसले १५ वर्षको आर्थिक वृद्धिलाई समाप्त पारिसकेको छ र यसले देशको पुनरुत्थानको सम्भावनालाई खतरामा पारिरहेको छ । नयाँ राष्ट्रपति चयनका लागि आठौं पटक संसद्को बैठक आगामी डिसेम्बर १ मा बस्नेछ ।

# पोल्याण्डले दोस्रो विश्वयुद्धको क्षतिपूर्ति माग्दै इयुलाई कूटनीतिक नोट पठायो

**सिन्ह्वा**

वार्सा । पोल्याण्डले जर्मनी विरुद्धको युद्धको क्षतिपूर्तिको दाबी गर्दै युरोपेली संघ (ईयु) का सबै देशहरू, उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो) र काउन्सिल अफ युरोपलाई कूटनीतिक नोट पठाएको छ। पोल्याण्डका उप विदेशमन्त्रीले दिएको जानकारी अनुसार सेप्टेम्बर १ मा पोल्याण्ड सरकारले दोस्रो विश्वयुद्धमा पोल्याण्डले भोगेको भौतिक क्षतिको विस्तृत विवरण प्रस्तुत गरेको थियो। यसले जर्मनीसँग १.३ ट्रिलियन युरो को आर्थिक क्षतिपूर्ति मागिरहेको छ।

पोल्याण्डको विदेश मन्त्रालयले जर्मनीलाई युद्धको क्षतिको क्षतिपूर्तिको लागि अनुरोध गर्दै कूटनीतिक नोट पठाएको हो। यद्यपि जर्मनीले पोल्याण्डलाई क्षतिपूर्तिको मुद्दाका विषयमा भने कुनै प्रतिक्रिया दिएको छैन।

प्रतिवेदन तयार गर्ने जिम्मा लिएको टोलीको नेतृत्व गरेका पोल्याण्डका उपविदेशमन्त्री अर्कादियस मुलार्कजिकले पोल्याण्ड प्रेस एजेन्सी (पीएपी) लाई कूटनीतिक नोट कूटनीतिज्ञ, राजनीतिज्ञ, मानवअधिकारसँग संलग्न र अन्तरराष्ट्रिय वकिलहरूलाई जानकारी गराउन पठाइएको बताए। उनले भने- युरोपेली र अन्तरराष्ट्रिय कानूनको शासन, मानव अधिकारसँग सरोकार राख्छ।"

म ु ल ा क ँ ि ज क ल े प्रतिवेदन कागजातले जर्मनीले युद्धको परिणाम स्वरूप पोल्याण्डले भोगेको नोक्सानलाई व्यवस्थित नगरेको देखाएको छ । यसले लुटेका कलाकृतिहरू एवं बैंक सम्पत्तिहरू फिर्ता गरेको देखिदैन। पोलिश नागरिकहरूलाई जर्मनीको आक्रामकताको परिणाम स्वरूप उनीहरूले भोगेको क्षतिको लागि क्षतिपूर्ति दिएको थियो।

बर्लिनले पोल्याण्डसँगको आफ्नो खाता नमिलेको र वार्साले पठाएको कूटनीतिक नोटको जवाफ पनि नदिएको भन्दै पोल्याण्डले यस विषयमा अन्तरराष्ट्रियस्तरमा छलफल शुरु गर्न चाहेको छ।

# सिरिया र इराकमा भएको आक्रमणप्रति इजिप्टको चिन्ता

**सिन्ह्वा**

कायरो । इजिप्टले इराक र सिरियामा हालै इरान र टर्कीले गरेको आक्रमणलाई ठूलो चासो देखाएको इजिप्टको विदेश मन्त्रालयले बुधबार प्रकाशित विज्ञप्तिमा जानकारी दिएको छ ।

'ती आक्रमणहरुले इराक र सिरियाको सार्वभौमसत्ताको उल्लङ्घन गर्दछ,' विज्ञप्तिमा भनिएको छ। इजिप्टले रक्तपात रोक्न र यस क्षेत्रलाई अस्थिरताका थप कारकलाई जोगाउन तनाव कम गर्न आह्वान गरेको जनाइएको छ । इराकमा रहेका कुर्दिश लडाकूहरुको सैन्य अड्डामा इरान र टर्कीका सेनाहरुले बारम्बार आक्रमण गर्ने गरेका छन् । इरानको इस्लामिक रिभोलुसन गार्ड्स कोर्प्स (आईआरजीसी)को ग्राउन्ड फोर्सले मङ्गलबार उत्तरपूर्वी इराकको कुर्दिस्तान क्षेत्रमा 'पृथकतावादी आतङ्ककारी' विरुद्ध आक्रमणको नयाँ चरण सुरु गरेको छ ।

टर्कीले आइतबार उत्तरी सिरियामा कुर्दिश पिपुल्स प्रोटेक्सन युनिट (वाईपीजी) र उत्तरी इराकमा कुर्दिस्तान वर्कर्स पार्टी (पीकेके) विरुद्ध हवाई कारबाही गरेको थियो । टर्कीले, संयुक्त राज्य अमेरिका र युरोपेली सङ्घद्वारा आतङ्कवादी सङ्गठनको रूपमा सूचीबद्ध गरिएको पीकेकेले तीन दशकभन्दा बढी समयदेखि टर्की सरकारविरुद्ध विद्रोह गर्दै आएको छ ।

# विपक्षी नेता अनवर मलेसियाको प्रधानमन्त्री नियुक्त

**एएफपी**

क्वालालम्पुर । मलेसियाका विपक्षी नेता अनवर इब्राहिमलाई प्रधानमन्त्री नियुक्त हुनु भएको छ । अनिर्णित चुनावपछिको एक दिन लामो राजनीतिक गतिरोध अन्त्य गर्दै दरबारले उहाँको नाम अनुमोदन भएको थियो। ।

दरबार द्वारा जारी विज्ञप्तिमा भनिएको छ "मलेसियाका शासकहरूका शाही महामहिमहरूको विचारलाई ध्यानमा राखी शअनवर इब्राहिमलाई मलेसियाको १० औं प्रधानमन्त्री नियुक्त गर्न स्वीकृति दिइएको छ।" भरखरै सम्पन्न निर्वाचनमा अन्वरको पाकतन हारापान (आशाको गठबन्धन) गठबन्धनले भ्रष्टाचार विरोधीका रूपमा प्रस्तु हुँदै ८२ सिट जितेको थियो तर आवश्यक ११२ सिट बहुमत भने पुगेको थिएन । त्यस्तै पूर्वप्रधानमन्त्री मुहिद्दीन यासिनको पेरिकाटन नेशनल (राष्ट्रिय गठबन्धन) ब्लकले ७३ मत प्राप्त गरेको छ।

इस्लामवादी पार्टीले समर्थन गरेका मुहिद्दीनले पत्रकार सम्मेलनमा कुनै पनि समूहसँग पर्याप्त सीट सङ्ख्या नभएकोले राजाले सुरुमा आफू र अनवरलाई " संयुक्त सरकार" बनाउन आग्रह गरेको बताएका थिए ।

# केन्द्रीय बैङ्कद्वारा ब्याजदरमा समायोजन

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्काको केन्द्रीय बैंकले बिहीबार आफ्नो स्थायी निक्षेप सुविधा दर र स्थायी ऋण सुविधा दरलाई क्रमशः १४.५० प्रतिशत र १५.५० प्रतिशत कायम राख्ने निर्णय गरेको छ ।

मौद्रिक बोर्डले आन्तरिक तथा विश्वव्यापी अर्थतन्त्रसँग सम्बन्धित पछिल्लो र अपेक्षित घटनाक्रमका साथै समष्टिगत आर्थिक प्रक्षेपणलाई ध्यानमा राखेर उक्त निर्णय गरेको बैंकले जनाएको छ ।

बोर्डले अर्थतन्त्रमा कुनै पनि मागमा आधारित मुद्रास्फीतिको दबाबलाई नियन्त्रण गर्न कडा मौद्रिक नीतिको अडानमा अडिग रहनु आवश्यक रहेको उल्लेख गरेको छ ।

यसले दक्षिणपूर्वी एशियाली मुलुकलाई आर्थिक बर्षको मध्यमा ४ देखि ६ प्रतिशतको लक्षित सीमातर्फ मुद्रास्फीति घटाउन मद्दत पुग्ने बैङ्कले जनाएको छ । आपूर्ति पक्षको अनुकूल विकास र कडा मौद्रिक नीतिका उपायहरूका कारण सेप्टेम्बरमा शिखर पार गरेपछि अक्टोबरमा मुद्रास्फीति घटेको बैङ्कले जनाएको छ ।

मागमा आएको गिरावट, आन्तरिक आपूर्तिमा अपेक्षित सुधार र विश्वव्यापी वस्तुको मूल्य सामान्यीकरणका कारण आगामी महिनाहरूमा मुद्रास्फीति दरमा निरन्तर कमी आउने बैङ्कले जनाएको छ ।

# लिबियाली युद्धप्रति राष्ट्रसंघीय चासो

**सिन्ह्वा**

त्रिपोली । लिबियामा युद्धका क्रममा बाँकी रहेका विस्फोटक पदार्थप्रति संयुक्त राष्ट्रसङ्घीय निकायहरुले चासो व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसङ्घीय बालकोष, युनिसेफ र संयुक्त राष्ट्रसङ्घीय माइन एक्सन सर्भिस्, युएनएमएसले यस विषयमा चासो व्यक्त गरेका हुन् ।

युद्धका क्रममा बाँकी रहेका विस्फोटक पदार्थहरुबाट यहाँका बालबालिकाको ज्यान जाने क्रम बढ्दै गएको प्रति यी संस्थाले सो चासो व्यक्त गरेका अधिकारीहरुले जानकारी दिएका छन् ।

यसहप्ता अर्का एकजना बालकले पनि यहाँ बेवारिसे अवस्थामा फालिएको ग्रिनेड खेलाउने क्रममा ज्यान गुमाउनु परेको भन्दै ती संयुक्त राष्ट्रसङ्घीय संस्थाले यस विषयमा लिबियाली सरकार र यहाँका सम्बद्ध निकायको ध्यानाकर्षण गराएका छन् । युद्धका क्रममा फालिएका यस्ता ग्रिनेट तथा अन्य विस्फोटक पदार्थहरु बालबालिकाले खेलौना भनेर खेलाउने र ती विस्फोट हुँदा उनीहरुको ज्यान जाने क्रम बढेको बताइएको छ ।

यसरी बेवारिसे अवस्थामा फालिएका सबै प्रकारका विस्फोटक पदार्थहरुको व्यवस्थापनका लागि संयुक्त राष्ट्रसङ्घीय निकायहरुले यहाँको सरकारको ध्यानाकर्षण गराएका छन् ।

यस विषयमा सबैलाई जानकारी दिने, नागरिकमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने र बेवारिसे अवस्थामा फालिएका यस्ता वस्तुहरु नछुने सुनिश्चितता नागरिकमा गराउन पनि आग्रह गरिएको समाचारमा जनाइएको छ ।

# लेफ्टिनेन्ट जनरल मुनीर पाकिस्तानको नयाँ सेना प्रमुख नियुक्त

**एएनआई**

इस्लामाबाद । लेफ्टिनेन्ट जनरल असिम मुनीर बिहीबार पाकिस्तानको नयाँ सेना प्रमुख (सीओएएस) को रूपमा नियुक्त भएका छन् । गत हप्तादेखिको विभिन्न अनुमानका बीच आज उनको नियुक्ति भएको हो ।

"पाकिस्तानका प्रधानमन्त्री मुहम्मद शाहबाज शरीफले संवैधानिक अधिकार प्रयोग गर्दै लेफ्टिनेन्ट जनरल साहिर शमशाद मिर्जालाई संयुक्त चिफ अफ स्टाफको अध्यक्ष र लेफ्टिनेन्ट जनरल सैयद असिम मुनीरलाई सेना प्रमुखको रूपमा नियुक्त गर्ने निर्णय गरेका छन" पाकिस्तानी सूचना मन्त्री मरियम औरंगजेबले ट्वीट गरेकी छन् ।

सो निर्णयको बोधार्थ पाकिस्तानी राष्ट्रपति आरिफ अल्वीलाई पठाइएको छ ।

# जर्मनीले मालीबाट आफ्ना शान्ति सैनिक फिर्ता गर्ने

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । जर्मनीले मालीबाट आफ्ना शान्ति सैनिकहरु फिर्ता गर्ने भएको छ । आगामी सन् २०२४ को मे महिनादेखि आफ्ना सेना फिर्ता गर्ने भएको जानकारी गराएको हो ।संयुक्त राष्ट्रसङ्घीय प्रवक्ताले बुधबार सो कुराको जानकारी गराउनुभएको हो । उहाँले जर्मनीले आफ्ना सेना फिर्ता गर्न लागेकामा धन्यवाद पनि दिनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसका उपप्रवक्ता फराह हकले बुधबार जर्मन सरकारले यसअघि मालीमा जारी रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनमा जर्मन सरकारले शान्ति सैनिक सहयोग गरेकोमा पनि धन्यवाद दिनुभएको छ ।

मालीबाट विभिन्न देशले आफ्ना सैनिक फिर्ता गर्ने घोषणा गरिरहेका छन् । जर्मन यसरी आफ्ना सेना फिर्ता गर्ने पछिल्लो देश बनेको पनि उपप्रवक्ता हकले जानकारी दिनुभएको छ । मालीमा जारी आन्तरिक युद्धका कारण यहाँका नागरिकको सुरक्षार्थ संयुक्त राष्ट्रसङ्घीय मिसन, मिनुस्मा जारी रहेको छ। यस मिसनमा विश्वमा विभिन्न देशले आफ्ना सेना सहयोग गरेका थिए ।

# कोरियामा एकै दिन कोभिडका ५९ हजार सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा एकै दिनमा कोभिडका ५९ हजार जना भन्दा पनि बढी सङ्क्रमित भेटिएका बताइएको छ । प्राप्त समाचारअनुसार यहाँ गएको २४ घन्टा यतामात्र कोभिडका ५९ हजार ८९ जना कोभिड सङ्क्रमित भेटिएका हुन् ।

यो समेत गरी यहाँ कोभिडका दुई करोड ६७ लाख भन्दा बढी सङ्क्रमित पाइएका यहाँका स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।ती अधिकारीहरुका अनुसार यहाँ अघिल्लो दिनको तुलनामा भने सङ्क्रमितहरु कम भएका हुन् । अघिल्लो दिन अर्थात् मङ्गलबार यहाँ ७० हजार तीन सयभन्दा बढी सङ्क्रमित पाइएको थियो । तर अधिकारीहरुले यहाँ अघिल्लो हप्ताको तुलनामा भने यस हप्ता सङ्क्रमितहरु झन् बढेको बताएका छन् । अघिल्लो हप्ता दिनमा बढीमा ५५ हजार जना सङ्क्रमित देखिएकामा यस हप्ता बढेका बताएका हुन् ।

# बुद्ध जन्मस्थलका पुरातात्विक अवशेषको दिगो संरक्षणबारे छलफल

वुटवल । लुम्बिनीभित्र रहेको बुद्ध जन्मस्थलका पुरातात्विक अवशेषको संरक्षणका लागि विज्ञबीच छलफल गरिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, लुम्बिनी विकास कोष र युनेस्कोको आयोजनामा एकदिने पुरातत्व विज्ञसँग छलफल गरिएको हो ।

मायादेवी मन्दिर, बुद्धजन्मस्थल क्षेत्रमा रहेका मार्कन स्टोन, अशोक स्तम्भ, बुद्ध जन्मेको स्थलका पुरातात्विक अवशेषको अवस्था र दिगो संरक्षणको योजनाका बारेमा छलफल भएको लुम्बिनी विकास कोषका प्रमुख प्रशासकीय अधिकृत ज्ञानिन राईले जानकारी दिनुभयो । उहाँले मायादेवी मन्दिर र बुद्ध जन्मस्थलको संरक्षणबारे विज्ञले महत्त्वपूर्ण सुझावसहितको प्रस्तुती राखेको बताउनुभयो ।

उक्त अवसरमा जवाहरलाल नेहरु विश्वविद्यालयका प्रोफेसर नमन पी आउजा, संरक्षणविज्ञ मुसी, दुर्हम विश्वविद्यालय बेलायतका पुरातत्व सल्लाहकार प्रोफेसर रविन कनिङ्घमले प्रस्तुती राख्नुभएको थियो । छलफलमा विषयवस्तुमाथि विश्वसम्पदाका विज्ञ काई वेइस, विज्ञ प्राध्यापक प्रेमनाथ मास्के, विज्ञ डा विजयमान शाक्य, युनेस्को नेपालका प्रतिनिधि मिचल कार्फटले टिप्पणी गर्नुभएको थियो । मायादेवी मन्दिर र बुद्ध जन्मस्थलमा केही वर्षदेखि पुरातत्त्व अवशेष संरक्षणमा चुनौती थपिएकाले यो छलफल गरिएको लुम्बिनी विकास कोषले जनाएको छ ।

उक्त अवसरमा लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी (भिक्षु मैत्तय), संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सुरेश श्रेष्ठ तथा पुरातत्व विभागका महानिर्देशक दामोदर गौतमले लुम्बिनीका पुरातत्त्वको संरक्षणमा सबैको सहकार्य आवश्यक रहेकामा जोड दिनुभएको थियो।

विज्ञसहितको प्राविधिक पक्षबारे गरिएको उक्त छलफलपछि मायादेवी मन्दिर र बुद्ध जन्मस्थल क्षेत्रको भग्नावषेश पुरातत्त्वको संरक्षणको नयाँ योजना बन्ने लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिनुभयो ।रासस

# पाँच जलविद्युतलाई आइपिओ निष्कासनका लागि बोर्डले दियो अनुमति

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल धितोपत्र बोर्डले पाँच जलविद्युत् कम्पनीलाई आइपिओ निष्कासन गर्न अनुमति दिएको छ। बोर्डले एशियन हाइड्रोपावर, सुपरमाई हाइड्रोपावर, सुपर मादी हाइड्रोपावर, माया खोला हाइड्रोपावर र शुभम पावर लिमिटेडलाई आइपिओ निष्कासन गर्नका लागि अनुमति दिएको हो।

कुन कम्पनीको कति आउँदै?

एशियन हाइड्रोपावरले १०० रुपैयाँ अंकित दरका कुल ३४ लाख कित्ता आइपिओ निष्कासन गर्नेछ। कम्पनीले स्थानीय बासिन्दा र सर्वसाधारणको लागि आइपिओ निष्कासन गर्ने भएको हो।

कम्पनीको आइपिओ निष्कासन तथा बिक्री प्रबन्धक एनएमबी क्यापिटल रहेको छ।

त्यस्तै, सुपरमाई हाइड्रोपावरले १०० रुपैयाँ अंकित दरका कुल ५० लाख कित्ता आइपिओ निष्कासन गर्नेछ। यो कम्पनीले पनि स्थानीय बासिन्दा र सर्वसाधारणको लागि आइपिओ निष्कासन गर्ने भएको हो।

कम्पनीको बिक्री प्रबन्धकमा सानिमा क्यापिटल रहेको छ।

यस्तै, सुपर मादी हाइड्रोपावरले स्थानीय बासिन्दा र सर्वसाधारणको लागि २ करोड १० लाख कित्ता आइपिओ निष्कासन गर्नेछ। कम्पनीको बिक्री प्रबन्धक सानिमा क्यापिटल रहेको छ।

त्यसैगरी, माया खोला हाइड्रोपावरले १ करोड कित्ता आइपिओ निष्कासन गर्ने भएको हो। कम्पनीले १०० रुपैयाँ अंकित दरका उक्त आइपिओ निष्कासन गर्न लागेको हो।

कम्पनीको बिक्री प्रबन्धकमा प्रभु क्यापिटल रहेको छ। यस्तै, शुभम पावरले १०० रुपैयाँ अंकित दरका कुल २० लाख कित्ता आइपिओ निष्कासन गर्ने भएको हो।

कम्पनीको आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल रहेको छ। यी पाँच कम्पनीले कुल ४ करोड १४ लाख कित्ता आइपिओ निष्कासन गर्नेछन्।

# विश्वकप च्याम्पियन अफर सार्वजनिक

**टुडे समाचारदाता**




काठमाण्डु।नेपालीइलेक्ट्रोनिक्स ब्राण्ड सेन्साईले अन्तर्राष्ट्रिय फूटबल प्रतियोगितालाई लक्षित गर्दै विश्वकप च्याम्पियन अफर सार्वजनिक गरेको छ ।

योजना अन्तर्गत ग्राहकहरुले सेन्साई टेलिभिजनको खरिद गर्दा रु. ३० हजार १०० सम्मको आकर्षक नगद छुट प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ ।

१ भाग्यशाली ग्राहकले बम्पर उपहार अन्तर्गत ६५ इन्चको फोरके वेबओएस् टेलिभिजन पनि जित्न सक्नेछन । ग्राहकहरुले आफुलाई बम्पर उपहारमा सहभागी गराउन सेन्साई टायप गरी आफ्नो नाम, ठेगाना र खरिद गरिएको सामानको वारेण्टी कार्ड नम्बर लेखि ३१००३ मा एसएमएस गर्नुपर्नेछ ।

ग्राहकहरुले यो योजना मसिर १ गतेदेखि सीमित अवधिका लागि नेपालभरी पाउने कम्पनीले जनाएको छ । सेन्साई ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुपको सिजी इलेक्ट्रोनिक्स अन्तर्गत सिजी इओएल छ ।

सिजी ईलेक्ट्रोनिक्सले सम्पूर्ण नेपाली ग्राहकलाई सिजी डिजिटल शोरुम तथा आफ्नो फराकिलो विक्रेता सञ्जाल मार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको छ ।

कम्पनीका सिजी डिजिटल शोरुमहरु काठमाडौं भित्र टङ्गाल, कुमारीपाटी, बसुन्धरा, जोरपाटी, भक्तपुर राधे राधे, रबिभवन, कीर्तिपुर, हातिगौडा, त्रिपुरेश्वर, नयाँ बजार र काठमाडौं बाहिर इटहरी, हेटौंडा, भरतपुरमा छन् ।

कम्पनीले सीजी डिजिटल शोरुमबाट फ्री डेलिभरी, फ्री इन्स्टलेशन एन्ड डेमो, एक्सचेन्ज अफर र शुन्य प्रतिशतमा फाइनान्स सुबिधा पनि प्रदान गरिरहेको छ ।

# निर्वाचनको दुई दिनअघि बैंकबाट बाहिरियो ५ अर्ब, दुई दिनमै घट्यो निक्षेप

**टुडे समाचारदाता**

काठमाण्डु । मंसिरको दुई दिनमै वाणिज्य बैंकहरूको निक्षेप पाँच अर्ब रूपैयाँले घटेको छ।

कात्तिक ३० मा ४५ खर्ब ६३ अर्ब रूपैयाँ निक्षेप रहेकोमा मंसिर २ गते ४५ खर्ब ५८ अर्बमा सीमित भएको छ। निर्वाचन अघि बैंकबाट राम्रै पैसा बाहिरिएको देखिएको छ।

स्वदेशी मुद्रामा रहेको निक्षेप चार अर्ब रूपैयाँले र विदेशी मुद्रामा रहेको निक्षेप एक अर्ब रूपैयाँले घटेको हो। बैंकहरूको कर्जा लगानी पनि यो अवधिमा दुई अर्ब रूपैयाँले घटेर ४२ खर्ब १९ अर्ब रूपैयाँमा सीमित भएको छ।

निक्षेप घटेपनि बैंकहरूको कर्जा निक्षेप अनुपातमा भने सुधार भएको छ।

कात्तिकमा औसत ८७.१९ प्रतिशत रहेको यस्तो अनुपात मंसिरमा ८६.९१ प्रतिशत रहेको छ ।

# दोहोरो अंकले बढ्यो नेप्से, कारोबार रकम भने ९२ करोडमा सीमित

**टुडे समाचारदाता**

काठमाण्डु। बिहीबार नेप्से परिसूचक ११.५६ अंकले बढेको छ। विहीवार नेप्से ०.६० प्रतिशतले बढेर १९३३.५५ बिन्दुमा पुगेर बन्द भएको छ। नेप्से परिसूचक बढे पनि आज कारोबार रकममा कमी आएको छ। अघिल्लो कारोबार दिन अर्थात् बुधबार १ अर्ब २ करोड २२ लाख ९३ हजार ५५२ रुपैयाँ बराबरको सेयर कारोबार भएकोमा त्यो रकम घटेर आज ९२ करोड ५१ लाख ७४ हजार ३८० रुपैयाँमा सीमित भएको छ।

यस दिन २३२ वटा धितोपत्रको २५ लाख ६९ हजार २२९ कित्ता सेयर किनबेच भएको छ। बिहीबार घलेम्दी हाइड्रोपावरको सेयर मूल्य सर्वाधिक वृद्धि भएको छ। कम्पनीको सेयर मूल्य ६.८३ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य २१९ रुपैयाँमा बन्द भएको छ। त्यस्तै, आरएमडिसी लघुवित्तको सेयर मूल्य ६ प्रतिशतले बढेर प्रति कित्ता मूल्य ८८४ रुपैयाँ कायम भएको छ।

यस दिन सेयर मूल्य सर्वाधिक घट्नेमा किसान लघुवित्तको रहेको छ। उक्त कम्पनीको सेयर मूल्य २.८९ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ७८५ रुपैयाँ १० पैसामा झरेको छ। त्यस्तै, सिटिजन्स म्युचुअल फण्ड-२ को इकाई मूल्य २.०८ प्रतिशतले घटेर प्रति इकाई मूल्य ८ रुपैयाँ ०२ पैसा कायम भएको छ। यस दिन सर्वाधिक सेयर खरिद-बिक्री शाइन रेसुङ्गा डेभलपमेन्ट बैंकको भएको छ। कम्पनीले आज १४ प्रतिशत लाभांश दिने घोषणा गरेसँगै सर्वाधिक सेयर खरिद-बिक्री भएको हो।

यस वर्ष कम्पनीले १३.३० प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि ०.७० प्रतिशत नगद लाभांश गरी कुल १४ प्रतिशत लाभांश दिने निर्णय गरेको हो। यस दिन कम्पनीको ३४३ रुपैयाँमा ७ करोड ६२ लाख रुपैयाँ बराबरको सेयर खरिद-बिक्री भएको हो। यो मूल्य अघिल्लो दिनको तुलनामा ४.८९ प्रतिशतले बढेको हो। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो सूचीमा हिमालयन डिष्टिलरी रहेको छ। उक्त कम्पनीको ३ हजार ९३० रुपैयाँमा ६ करोड ८० लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यस्तै, विहीवार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये निर्जीवन बीमा समूहको परिसूचक ०.०४ प्रतिशतले घटेको छ भने बाँकी सबै समूहको परिसूचक बढ्दा समग्र नेप्से बढेको हो।

यस दिन अन्य समूहको परिसूचक सर्वाधिक १.६९ प्रतिशतले बढेको छ। त्यस्तै, व्यापार समूहको परिसूचक १.२७ प्रतिशत, उत्पादन तथा प्रशोधनको १.१८ प्रतिशत, वित्त समूहको १.१४ प्रतिशत र विकास बैंक समूहको परिसूचक १.११ प्रतिशतले बढेको छ।

# २० रूपैयाँको ३१ करोड नोट छाप्दै राष्ट्र बैंक



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्र बैंकले २० रूपैयाँ दरका ३१ करोड नोट छाप्ने तयारी गरेको छ।

यसको लागि राष्ट्र बैंकले अन्तर्राष्ट्रिय बोलकबोल आह्वान गरेको छ। राष्ट्र बैंकका अनुसार नोट छापिएर आउन करिब एक वर्ष लाग्नेछ। आगामी १४ डिसेम्बर २०२२ मा यसको लागि प्रिबिडिङ हुनेछ।

हाल रहेको २० रूपैयाँको मौज्दातले लगभग एक वर्ष हाराहारीको माग धान्छ। २० रूपैयाँको अत्यधिक चलनचल्ति हुने मध्यकै नोट हो। राष्ट्र बैंकबाट एक पटक बाहिरिएको यस्तो नोट ६ देखि ८ महिनामा फर्कने गर्छ।

यस्ता नोटको आयु भने तीन वर्षसम्मको हुन्छ। यसपटक छापिएर आउने नोटमा गभर्नर महाप्रसाद अधिकारीको हस्ताक्षर हुनेछ।

हाल चलनचल्तिमा रहेको नोटमा भने निवर्तमान गभर्नर डा. चिरञ्जीवि नेपालको हस्ताक्षर छ। यसअघि २० रूपैयाँ नोट छाप्न प्रति नोट दुई रूपैयाँभन्दा कम लागत लागेको थियो।

# स्मार्टच्वाइस टेक्नोलोजिज र सेञ्चुरी कमर्सियल बैंकबीच सम्झौता




**टुडे समाचारदाता**

काठमाण्डु । स्मार्टच्वाइस टेक्नोलोजिज र सनराइज बैंकबीच डिजिटल पेमेन्ट कारोबार गर्ने ग्राहकहरूलाई लक्षित गरी स्मार्ट क्युआर प्रयोगमा ल्याउनका लागि व्यवसायिक सम्झौता भएको छ।

सेवा विविधिकरणको यो नयाँ आयामपछि बैंकका ग्राहकहरूले बैंकको मोबाइल बैंकिङ एप सनराइज स्मार्ट प्लस प्रयोग गरी कुनै पनि वस्तु तथा सेवा खरिद गर्दा उक्त सेवाको भुक्तानी स्मार्ट क्युआरमार्फत गर्न सकिने बैंकले बताएको छ।

उक्त सम्झौतापत्रमा स्मार्टच्वाइस टेक्नोलोजिजका तर्फबाट प्रमुख कायकारी अधिकृत नारायण प्रकाश भुजु र बैंकको तर्फबाट प्रमुख डिजिटल बैंकिङ दिलिप मैनालीले हस्ताक्षर गरेका हुन्।


## कर्जा बुझाउने वारे कृषि विकास बैंक लि., शाखा कार्यालय, मिर्चैया, सिरहाको २१ दिने सुचना

तपशिल बमोजिमका कर्जा ग्राहकहरुले तमसुकमा लेखिऐको शर्त पालना नगरी सम्वन्धीत कार्यालयबाट विभिन्न समयमा तर ताकेदा गर्दा पनि समयमा बुझाउनुपर्ने साँवा र व्याज समेत नबुझाई शर्त उलँघन गरेकोले निज संग लिनुपर्ने २०७९ कार्त्तिक मसान्त सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी तपाईको धितो परियोजना बैंक तथा वित्तय संस्था ऐन २०७३ तथा बैंकको कर्जा असुली कार्यविधि २०७७ परिछेद ३ को दफा ७ को (क० एंव अन्य प्रचलीत कार्य विधि अनुसार बैंकको नियमानुसार २१ दिने सुचना प्रकाशित गरीएको छ । अतः समयमा आफनो कर्जा बुझाउनु हुन अन्यथा बैंक नियमानुसार धितो लिलाम गरी बैंकको लेना रकम असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराउदछौ ।

**सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा कार्यालय मिर्चैया (सिरहा)**

| क्र. सं. | नाम | ग्राहक नम्वर | मिसिल नं. | ठेगाना | बुवा/पति | बाजे/ससुरा | उद्देश्य | साबा रकम | व्याज रकम २०७९/०७/३० सम्मको | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुशेश्वर मण्डल | ६४१८१९ | ४८४० | इटारी पर्साही ४ | राम स्वरुप | बहुरा | घरायसी | १५०००० | १३६१० | १६३६१० |
| २ | पशुपती सिहं दनुवार | ६४१८२४ | ७३८९ | महेशपुर ०१ | महगु सिहं | झाउं सिहं | घरायसी | ४००००० | १७००० | ४१७००० |
| ३ | श्रीनारायण यादब | ६४१९१२ | ३६५० | नरहा १ | दामोदर | ठकाई | सरल कृषि कर्जा | १०००००० | ५७००० | १०५७००० |
| ४ | अशोक कुमार महतो | ६४२०२३ | ५५२४ | रामनगर ८ | गुलहाई | बैजनाथ | घरायसी | ५००००० | २१००० | ५२१००० |
| ५ | सत्य नारायण साहु सुडी | ६४२०३६ | ५००४ | मिर्चैया ७ | गोखुल | सन्त | घरायसी | ३८३००० | २२८०० | ४०५८०० |
| ६ | जुना कुमारी राई | ६४२०८४ | ६०१६ | बडहरामाल ५ | पति : राम भक्त | ससुरा : राम दयाल | सरल कृषि कर्जा | ८०००० | ४७२३ | ८४७२३ |
| ७ | शिव शरण यादब | ६४२१०२ | ५९७४ | नरहा ०८ | रामचन्द्र | तोखन | सरल कृषि कर्जा | ७००००० | ३३००० | ७३३००० |
| ८ | नन्दनी जेनरल स्टोर प्रो.कृष्ण कुमार यादब | ६४२१३६ | ५५१६ | बँछवा ८ | रामअशिष | दुखरण | ब्यापार | ४८४०००० | १८३००० | ५०२३००० |
| ९ | राम अशिष यादब | ६४२१३८ | ५४५४ | बछवा ८ | दुखरण | फेकु | घरायसी | १०००००० | ७८००० | १०७८००० |
| १० | समरी देबी दनुवार | ६४२२०२ | ७४५९ | कर्जन्हा ७ | पती : बंशलाल | ससुरा : करिया | सरल कृषि कर्जा | २८०००० | १३००० | २९३००० |
| ११ | निर्मल राय कुर्मी | ६४२३५८ | २२०४ | फुलबरीया ६ | निसु | बाबुजी | सरल कृषि कर्जा | १५०००० | ७००० | १५७००० |
| १२ | काशिन्द्र पासमान | ६४२३६७ | ७५५३ | बडहरामाल ७ | जयलाल | नेबैत | सरल कृषि कर्जा | ३००००० | १३५०० | ३१३५०० |
| १३ | दुर्गा घिमिरे | ६४२३९२ | ७५७४ | बडहरामाल ९ | पती : पाण्डब | ससुरा : गोपाल | ब्यापार | १८५००० | १२००० | १९७००० |
| १४ | दिलिप कुमार साह | ६४२४९७ | ७६४५ | वडहरामाल ८ | बैजु | जदुनन्दन | घरायसी | ९५०००० | ३९१०० | ९८९१०० |
| १५ | बिन्दे कुमार साफी | ६४२५०२ | ६०३४ | मलहनीयाखोरी १ | छुतहर | बिकाउ | पाडी पालन | २३०००० | १०००० | २४०००० |
| १६ | नेपुर देवी | ६४२५५८ | ७६८८ | बिष्णुपुर ३ | पती : बिरबल | ससुरा : राम नन्दन | घरायसी | ५००००० | २४००० | ५२४००० |
| १७ | परमिला कुमारी | ६४२६०९ | ७७३० | बलुवा १ | राम एकवाल यादब | कृष्ण देब | सरल कृषि कर्जा | ८००००० | ३७००० | ८३७००० |
| १८ | राम प्यारी देवी यादबनी | ६४२६४८ | ७७५८ | नरहा ७ | पती : राम बरण | ससुरा : राम अयोध्या | घरायसी | ६००००० | २४००० | ६२४००० |
| १९ | योगी साह तेली | ६४२६६० | ७७६४ | बडहरामाल ०७ | बिश्व | बिलट | घरायसी कर्जा | ४६५००० | १९००० | ४८४००० |
| २० | हरि नारायण यादब | ६४२८१४ | ७८९१ | नरहा १ | चौधरी | मखन | पाडी पालन | २००००० | ८७०० | २०८७०० |
| २१ | वनारसि यादवनी | ६४२८२३ | ७८९७ | नराहा ५ हाल १ | पती : किसुनदेव | ससुरा : राम | सरल कृषि कर्जा | ३००००० | १८००० | ३१८००० |
| २२ | युवराज पोल्टी फर्म प्रो बिनोद कुमार राउत | ६४२८२७ | ७९०० | कालाबन्जर ८ | युगेश्वर | सुर्य नारायण | कुखुरा पालन | ९००००० | ४१५०० | ९४१५०० |
| २३ | कमला देबी साह | ६४२८३४ | ७९०१ | कर्जन्हा ८ | पती : सिताराम | ससुरा : बिसुन | घरायसी कर्जा | ६००००० | ३८००० | ६३८००० |
| २४ | महेन्द्र यादब | ६४२८६५ | ७२७७ | बँछवा ७ | ब्रहमदेव | सुबरण | सरल कृषि कर्जा | ४००००० | २५००० | ४२५००० |
| २५ | सागर देवी महतो | १०६२२३० | ७९२८ | बँछावा १ | पती : देवन | ससुरा : लोटन | सरल कृषि कर्जा | ९९०००० | ३०००० | १०२०००० |
| २६ | पुनम देबी यादब | ११०२६८२ | ७९९८ | नरहा १ | बिजय कुमार | राजलाल | सरल कृषि कर्जा | १०००००० | ४८५०० | १०४८५०० |
| २७ | बसन्त कुमार यादब | ११३६९०६ | ८०४७ | बछवा १ | बैजनाथ गुरमैत | बनबाली | सरल कृषि कर्जा | २००००० | ११००० | २११००० |
| २८ | दिप नारायण पासमान | १२२२२४४ | ८०८८ | कल्याणपुर ८ | बहुरा | छोटी | सरल कृषि कर्जा | २००००० | १२००० | २१२००० |
| २९ | नुरेजा खातुन | १६४५८१७ | ८१४० | कर्जन्हा १० | पती : शेख शैदर | ससुरा :शेख उसमान | सरल कृषि कर्जा | ९९५००० | ४६००० | १०४१००० |
| ३० | बिरेन्द्र कुमार महरा | १९३९८४७ | ८१९४ | कर्जन्हा २ | अजबलाल | राम प्रसाद | कर्मचारी सेवा कर्जा | १०००००० | ४५००० | १०४५००० |
| ३१ | अर्चना देवी साह | १९५०७९५ | ८२०० | रामनगर ६ | पती : दिलिप कुमार साह | ससुरा : हृदय साह | जग्गा खरिद | ५०००००० | ४९५००० | ५४९५००० |
| ३२ | अनिल कुमार साह | ११५८९७१ | ८०६२ | कल्याणपुर ४ | रामचन्द्र साह | सुन्दर साह | सरल कृषि कर्जा | ५००००० | २५००० | ५२५००० |
| ३३ | देबलाल यादब | १२३७७३६ | ८०९३ | कर्जन्हा २ | गनौर | सुनर | सरल कृषि कर्जा | २५०००० | १५००० | २६५००० |
| | | | | | | | जम्मा | २६०४८००० | १४८७४३३ | २७५३५४३३ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय, जनकपुर

# दुई प्रतिनिधिसभा र आठवटै प्रदेशसभाको मत परिणाम सार्वजनिक

**ओम प्रकाश यादव**

रौतहट । रौतहटको चार निर्वाचन क्षेत्र मध्ये १ र ४ को अन्तिम मत परिणाम सार्वजनिक भएको छ भने क्षेत्र नं २ र ३ को मतगणना अझै जारी नै रहेको छ। जिल्लामा रहेको आठवटै प्रदेशसभाको नतिजा पनि सार्वजनिक भएको छ।

सार्वजनिक भएको नतिजा अनुसार रौतहट क्षेत्र नं १ को प्रतिनिधिसभा र दुबै प्रदेशसभा सत्तारुढ गठबन्धनले जितेको छ। क्षेत्र नं १ मा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल विजयी भएका छन्।



नेकपा एमालेका अजय गुप्तालाई ६ हजारभन्दा बढी फराकिलो मतान्तरले पराजित गर्दै अध्यक्ष नेपाल प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्।

नेपालले ३३ हजार ५ सय २२ मत पाएका छन् भने उनका निकटतम प्रतिद्वन्दी एमालेका गुप्ताले २६ हजार ९२२ मत पाएका छन्। नेता नेपाल रौतहटबाट दोश्रो पटक निर्वाचित भएका छन्।

२०७४ को निर्वाचनमा एमालेबाट काठमाण्डु २ बाट निर्वाचित भएका माधव नेपाल यसपालि रौतहट १ बाट एकीकृत समाजवादीबाट उम्मेदवारी दिइ विजयी भएका छन्।

यसैगरी क्षेत्र नं १ को (क) र (ख) दुबै प्रदेशसभामा नेपाली कांग्रेसले जितेको छ। प्रदेशसभा (क) बाट नेपाली कांग्रेसका उम्मेदवार नागेन्द्र साह निर्वाचित भएका छन्।

नेकपा एमालेका उम्मेदवार राजकिशोर यादवलाई १ हजार ६३९ मतले पराजित गर्दै साह प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। साह १० हजार ५०२ मत ल्याउँदा उनका निकटतम प्रतिद्धन्दी एमालेका यादव ८ हजार ८६३ मत पाएका छन्।

प्रदेशसभा (ख) मा नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण प्रसाद यादव निर्वाचित भएका छन्। स्वतन्त्र उम्मेदवार राजेश चौधरीलाई १ हजार ८९ मतान्तरले पराजित गर्दै यादवले प्रदेश सभामा निर्वाचित भएका छन्।

कांग्रेसका यादवले १२ हजार ४८९ मत ल्याएर विजयी भएका छन भने उनका निकटतम प्रतिद्धन्दी चौधरीले ११ हजार ४०० मत पाएका छन्।

चौधरी २०७४ मा पनि यसै क्षेत्रबाट प्रदेश सभामा लडेका थिए तर मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्य मन्त्री योगेन्द्र यादवबाट झिनो मतले पराजित भएका थिए।

चौधरी दोश्रो पटक चुनाव हारेका छन्। २०७४ मा चौधरीलाई पराजित गर्ने राज्य मन्त्री यादव यसवर्ष कांग्रेसका कृष्ण यादवसंग पराजित भएका छन्।

क्षेत्र नं २ को (क) मा नेकपा एमालेका उम्मेदवार जैद राजा (आलम) निर्वाचित भएका छन्। जैदले कुल १३ हजार ५३२ मत ल्याउँदै प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। उनका निकटतम प्रतिद्वन्दी वर्तमान प्रदेशसभा सदस्यसमेत रहेका स्वतन्त्र उम्मेदवार नागेन्द्र सिन्हाले ६ हजार ८७२ मत ल्याउँदै पराजित भएका छन्।

निर्वाचन क्षेत्र २ को प्रदेशसभा (ख) बाट एकीकृत समाजवादीका कनिस पटेल विजयी भएका छन्। पटेलले आफना निकटतम प्रतिद्धन्दी जसपाका उम्मेदवार रामकिशोर यादवलाई ४०९ मतान्तरले पराजित गर्दै प्रदेशसभा सदस्यमा विजयी भएका छन्। पेशाले इन्जिनियर समेत रहेका पटेलले कुल १० हजार ४४२ मत पाएका छन भने उनका निकटतम् प्रतिद्वन्द्वी यादवले १० हजार ३३ मत ल्याए। २०७४ को चुनावमा यादव यसै क्षेत्र बाट प्रदेशसभामा निर्वाचित भएका थिए।

क्षेत्र नं ३ को प्रदेशसभा (क) मा स्वतन्त्र उम्मेदवार केशव चौधरी विजयी भएका छन्। चौधरीले आफना निकटतम प्रतिद्वन्दी जसपाकी पूजा चौधरी र नेकपा एकीकृत समाजवादीका नेता एवं मधेश प्रदेशका उद्योग, वन, पर्यटन तथा वातावरण राज्य मन्त्री नागेन्द्र यादवलाई पराजित गर्दै प्रदेश सभामा निर्वाचित भएका छन्।

केशव चौधरीले १२ हजार २५५ मत ल्याउँदा पूजा चौधरीले १० हजार १३२ मत ल्याएकी छन्। २०७४ मा यसै क्षेत्रबाट प्रदेश सभामा निर्वाचित वन राज्य मन्त्री यादव यसपटक स्वतन्त्र उम्मेदवार केशव चौधरीसंग पराजित भएका छन्।

क्षेत्र नं ३ को प्रदेशसभा (ख) मा नेपाली कांग्रेस रौतहटका सभापति सुनिल कुमार यादव भन्ने जितेन्द्र निर्वाचित भएका छन्। कांग्रेसका यादवले पूर्व प्रदेश सभामा सदस्यसमेत रहेका स्वतन्त्र उम्मेदवार कुन्दन कुशवाहालाई ३ हजार १३३ फराकिलो मतान्तरले हराउँदै प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। यादवले १३ हजार ८३४ मत ल्याएका छन भने उनका निकटतम प्रतिद्वन्दी कुशवाहाले १० हजार ७०१ मत पाएका छन्।

क्षेत्र नं ४ (क) बाट नेकपा माओवादी केन्द्रका युवराज भट्टराई (समिर) बुधवार नै निर्वाचित भइसकेका छन्। निर्वाचन क्षेत्र ४ को प्रदेशसभा (ख) बाट जनता समाजवादी पार्टीका शेख अब्बुल कलाम आजाद भन्ने (फुलबाबु) पुनः दोश्रो पटक निर्वाचित भएका छन्।

फुलबाबुले आफ्ना निकटतम प्रतिद्वन्दी स्वतन्त्र उम्मेदवार संजय यादवलाई २ हजार ८६६ मतान्तरले पराजित गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्।

जसपाका फुलबाबु ८ हजार ७४१ मत ल्याएका छन भने संजय यादवले ५ हजार ८७५ मत ल्याएका छन्। अर्का प्रतिस्पर्धी सत्तारुढ गठबन्धनका उम्मेदवार नेकपा एकीकृत समाजवादीका शेख सतारले ४ हजार ७५४ र स्वतन्त्र उम्मेदवार रवि जयसवाल ३ हजार ८६१ म्त ल्याएका छन्। २०७४ मा स्वतन्त्रबाट प्रदेश सभामा निर्वाचित फुलबाबु यसपटक भने जसपाबाट पुनः दोश्रो कार्यकालका लागि निर्वाचित भएका छन्।

यसैबीच निर्वाचन क्षेत्र २ मा नेपाली कांग्रेसका देवप्रसाद तिमल्सिना विजयी भएका छन्। तिमल्सिनाले नेकपा एमालेका उम्मेदवार उद्धव प्रसाद रेग्मीलाई ७ हजार ६०२ मतले पराजित गर्दै दोश्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्।

कांग्रेसका तिमल्सिनाले कुल ३४ हजार १६१ मत ल्याउँदा एमालेका रेग्मीले २६ हजार ५५९ मत ल्याएका छन्। २०७४ मा क्षेत्र नं ४ बाटै निर्वाचित तिमल्सिना पुनः दोश्रो कार्यकालका लागि पनि निर्वाचित भएका छन्।

# आज धनुष यज्ञ फूलबारी लीला सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सव दोस्रोदिन फूलवारी लीला सम्पन्न भएको छ।

बिहीबार विवाहपञ्चमी महोत्सवको दोस्रो दिन जनकपुरधामस्थित विवाहमण्डपमा फूलवारी लीला भएका छन्।

त्रेता युगमा भगवान् राम र आदर्श नारी सीताबीच भएको विवाह स्मरण गर्दै प्रत्येक वर्ष जनकपुरधामवासी सप्ताहव्यापी विवाहपञ्चमी महोत्सव मनाइदै आएको छ। राम र सीताबीच एकान्तमा भेटघाट गराइने कार्यक्रमलाई फूलबारी लीला कार्यक्रम भनिन्छ। सीता र रामको पहिलो भेट यहीँ भएको जनविश्वास छ।

राम र सीताबीच पहिलो पटक बगैंचामा भेटघाट भएको पौराणिक कथाको आधारमा फूलवारी लीला कार्यक्रम गर्ने प्रचलन रहेको छ।

अब शुक्रबार धनुष यज्ञ, शनिवार तिलकोत्सव, आइतबार मटकोर, सोमबार स्वयमवर तथा शुभ विवाह र मंगलबार रामकलेवा गरी विवाह पञ्चमीको कार्यक्रमलाई समापन गरिन्छ।

विवाहपञ्चमीको लागि जानकी मन्दिर सजाइएको छ। यसवर्ष आयोध्याबाट जन्ती आउने छन्। उक्त जन्तीमा उत्तराखण्ड सरकारका मन्त्री सन्तपाल महराज पनि आउने बताइएको छ। उनी दुई दिन अगाडि विवाह महोत्सवमा सहभागी हुन जनकपुरधाम आउन लागेका छन्।

# रौतहटमा साह विजयी

**टुडे समाचारदाता**

रौतहट । रौतहट निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा



सदस्यमा स्वतन्त्र उम्मेदवार प्रभु साह विजयी भएका छन्। साहले निकटतम प्रतिद्वन्दी अर्का स्वतन्त्र उम्मेदवार ओमप्रकाश जैसवाललाई ७ हजार २३७ मतान्तरले पराजित गरेका छन्।

साह यस क्षेत्रबाट निरन्तर जित्दै आएका छन्। उनको यो लगातार चौथो जित हो। २०६४ सालदेखि साहले यस क्षेत्रबाट प्रतिनिधित्व गर्दै आएका छन्।

निर्वाचन अधिकृत मेघनाथ चापागाईका अनुसार स्वतन्त्र उमेदवार साह ३२ हजार ४३७ मतसहित विजयी भएका छन्। उनका निकटतम प्रतिद्वन्दी अर्का स्वतन्त्र ओमप्रकाशले २५ हजार २०० मत ल्याएका छन्। माओवादी केन्द्रका रविन्द्र पटेलले ८ हजार ५५८ मत प्राप्त गरेका छन्।

## सिरहा-३ प्रदेशसभा (१)मा एमालेका सिंह विजयी

**टुडे समाचारदाता**

लहान। प्रदेशसभा अन्तर्गत सिरहा निर्वाचन क्षेत्र नं ३ (१) बाट नेकपा (एमाले)का उम्मेदवार मनोजकुमार सिंह विजयी भएका छन्।

मुख्य निर्वाचन अधिकृत काजीबहादुर राई दिएका जानकारीअनुसार सिंहले १५ हजार आठ सय ८६ मत प्राप्त गरी निर्वाचित भएका छन्।

सिंहका निकटतम् प्रतिद्वन्द्वी सत्ता गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार रामसगुन यादवले १२ हजार आठ सय ९९ मत प्राप्त गरेका छन्।

यस्तै जनमत पार्टीका उम्मेदवार दुष्यन्तकुमार कर्णले चार हजार सात सय ९३ मत प्राप्त गरेका छन्।

# आगलगीमा एकै परिवारका तीन बालबालिकाको मृत्यु

**राकेश यादव**

रौतहट । गौर नगरपालिका वड़ा नम्बर १ मा गएराति आगलगी हुँदा एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ।




राति करीव १२ बजेको समयमा स्थानीय मोहम्मद इश्लामको घरमा आगलगी हुँदा घरमा सुति रहेका तीन बालबालिकाको जलेर मृत्यु भएको छ।

इश्लामले सञ्चालन गरेका इश्लाम सिरक डासना उद्योगमा रहेका कपासमा आगो लाग्दा इश्लामको ९ वर्षीय छोरी रुकसाना खातून , ७ वर्षीय छोरा इमरान मंसूरी र ५ वर्षीय छोरी सवीना खातूनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

घटनामा परी २५ वर्षीय इसलमाइल, २४ वर्षीय नसीमा खातून र ८ वर्षीय बालक इमरान घाइते भएका छन्।

घटना भएको घरको सँगै रहेका जाकिर हुसैनको मोटर साइकल ग्यारेजमा क्षति पुगेको छ। ग्यारेजमा रहेको मशीनरी पार्ट पूर्जाका साथै मरम्मत गर्न राखिएको मोटर साइकलहरुमा क्षति पुगेको पीड़ितले जनाएका छन्।

नेपाल प्रहरी ससश्त्र प्रहरी , नेपाली सेनाको टोलीले गौर नगरपालिकाको बारुण यन्त्रको सहायताले आगो नियंत्रणमा लिन सफल भएको थियो।

# मन्त्री साह दोश्रो पटक निर्वाचित

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साह सप्तरीको प्रतिनिधिसभा क्षेत्र नं. १ बाट निर्वाचित भएका छन्।



प्रदेशसभाबाट प्रतिनिधिसभा रोजेका उनी दोश्रो प्रयासमा सफलता हासिल गरेका छन्। २०७० को संविधानसभामा उनी झिनो मतले पराजित भएका थिए। २०७४ को निर्वाचनमा उनी सप्तरीको निर्वाचन क्षेत्र नं. १ को २ बाट प्रदेशसभा सदस्य पदमा निर्वाचित भएका थिए।

बिहीबार साँझ घोषित परिणाम अनुसार साहले २३ हजार ५ सय ६४ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्दी जयकान्त राउतले १९ हजार ९ सय ९२ मत ल्याएका छन्।

उनी प्रतिनिधिसभा क्षेत्र नं. २ बाट निर्वाचित डा. सीके राउतका सहोदर दाजु छन्। तेश्रो स्थानमा रहेका नेपाली कांग्रेसका रामदेव साहले १४ हजार ३ सय १२ मत ल्याएका छन्।

तेश्रो स्थानमा रहेका साह नेपाली कांग्रेस सप्तरीका सभापति समेत रहेका छन्। उनी नेपाली कांग्रेस सप्तरीको दुई पटक सभापति समेत भइसकेका छन्।

बिहीबार नै प्रतिनिधिसभा क्षेत्र नं. ३ को पनि अन्तिम परिणाम सार्वजनिक गरिएको छ। घोषित परिणाम अनुसार नेपाली कांग्रेसका दिनेशकुमार यादव २६ हजार १ सय ६६ मत ल्याइ निर्वाचित भएका छन्। उनी नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका छन्। उनका निकटतम प्रतिद्वन्दी एमालेका ताराकान्त चौधरी २२ हजार ३ सय मत ल्याएका छन्।

यादव चौथो पटकको प्रयासमा निर्वाचित भएका छन्। यसअघि २०६४ को पहिलो र २०७० को दोश्रो संविधानसभा तथा २०७४ को संसदीय निर्वाचनमा पराजयको सामना गरेका थिए। चौथो पटकको प्रयासमा सफलता हात पारेका यादवले मिहिनेत गरे अनुसार नै यस पल्ट सफल भएको बताएका छन्।

सप्तरीको निर्वाचन क्षेत्र नं. ४ मा मतगणना अझै जारी रहेको छ। उक्त क्षेत्रको अन्तिम परिणाम शुक्रबार साँझसम्म मात्र आउने अनुमान गरिएको छ। अहिलेसम्म प्राप्त मतगणना परिणाम अनुसार नेपाली कांग्रेसका तेजुलाल चौधरी ७ हजार ४ सय ९३ मत प्राप्त गरी अग्रता लिएका छन्।

जसपाका बालकिशोर यादव ५ हजार ६ सय ७१ मत ल्याइ उनलाई पछ्याइरहेका छन्। तेश्रो स्थानमा रहेका जनमत पार्टीका सुकदेव साह ५ हजार ६ सय ७० मत ल्याइ दुबै जनालाई पछ्याइरहेका छन्।

चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा प्रतिनिधिसभा क्षेत्र नं. २ को नतिजा यसअघि नै सार्वजनिक भइसकेको छ। उक्त क्षेत्रमा जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले जसपा अध्यक्ष उपेन्द्र यादवलाई १८ हजार ६३ मतले पराजित गरेका छन्।

आठ प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनमा हालसम्म ६ प्रदेशसभा सदस्यको पनि नतिजा आइसकेको छ। जसअनुसार जनमतले सर्वाधिक ४ प्रदेशसभा सदस्य पदमा जित हासिल गरेको छ भने कांग्रेस र नेकपा एमाले एक/एक प्रदेशसभा सदस्यमा जित हात पारेका छन्। मतगणना जारी रहेको प्रदेशसभा ४ को १ मा एकीकृत समाजवादीका गोविन्द न्यौपाने तथा ४ को २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्ध प्रसाद सिंहले अग्रता लिएका छन्।

# जसपाका इन्चार्ज यादवले दिए राजिनामा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का सप्तरी जिल्ला इन्चार्ज कौशलेन्द्र यादवले राजिनामा दिएका छन्। प्रतिनिधिसभा र प्रदेशसभामा पार्टीको कमजोर नतिजा आएपछि उनले राजिनामा दिएका छन्।



उनले मधेश प्रदेश अध्यक्षलाई राजिनामा पत्र लेखेर पदमा नबस्ने जानकारी गराएका छन्।

'मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा लाज्जस्पद हार ब्यहोर्नु परेको हुनाले नैतिकताको आधारमा पार्टीले दिएको जिम्मेवारीबाट राजिनामा दिएको छु,'उनले लेखेको राजिनामा पत्रमा उल्लेख छ।

उनी पार्टीको सप्तरी जिल्ला इन्चार्ज तथा मधेश प्रदेश समितिको सदस्यसमेत रहेका थिए।

स प्त री मा जसपाका पार्टी अध्यक्ष उपेन्द्र यादवसहितका नेताहरु पराजित भएका छन्। चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सिट रहेको सप्तरीमा जसपाले प्रतिनिधिसभामा मात्र एक सिट जितेका छन् भने प्रदेशसभामा जित्न सकेका छैनन्।

# खेलाडी छनोटमा आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । गएको बुधबारदेखि जारी अण्डर-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताका खेलाडी छनोटमा असंतुष्टि देखिएको छ।

मधेश प्रदेशको टीमप्रति धनुषा जिल्ला क्रिकेट संघले आपत्ति जनाएका छन्।प्रदेश स्तरीय छनोट प्रतियोगितामा राम्रो प्रदर्शन गरेका खेलाडीहरु छनोट नभएको भन्दै संघका सचिव आशीष झाले आपत्ति जनाउँदै केन्द्रीय कार्यालयलाई ध्यानाकर्षण पत्र लेखेका छन्।

पूर्वाग्रह भएर खेलाडी छनोट गरिएको र यस विषयमा प्रदेश समितिले पनि कुनै निर्णय गर्न नसकेको पत्रमा उल्लेख छ।

प्रदेश स्तरीय छनोट प्रतियोगितामा धनुषा क्रिकेट टीमले उपाधि जितेका थिए। यस प्रतियोगितामा राम्रो प्रदर्शन गरेका खेलाडीहरुलाई छनोट नगरिएको बताइएको छ।

बुधबार अभिषेक तिवारीको नेतृत्वमा १४ सदस्यीय मधेश प्रदेश टीम घोषणा भएको थियो।

सो टीमले मंसिर १० गते पहिलो खेल वागमती प्रदेशसंग खेल्ने छन्। टीममा मयनक यादव, इमरान शेख, डब्लु मल्लिक, मेघराज राम, सरग्रराज मन्सुरी, शैलेन्द्र साह, अकबर अलि, राजेश यादव, अभिजित मण्डल, नितेश कुमार यादव, साइमोन रोय, निकेश गुप्ता र रञ्जित कुमार छन्।

चार जना खेलाडी वैकल्पिकमा पनि परेका छन्। वैकल्पिकमा रुपेश यादव, ब्यास यादव, निरज यादव र अफरुदिन राइन रहेका छन्। टीम कोच जाहुर अन्सारी छन् भने सागर यादव टीम व्यवस्थापक छन्। पछिल्लो समय मधेशका युवा खेलाडीहरु राम्रो प्रदर्शन गरिरहेका छन्। यद्यपि उनीहरुलाई प्रशिक्षण र खेल मैदान अभावमा अभ्यास गरिरहेका छन्।

**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीब्र गतिमा सवारी साधन नचलाऔं,
- नियमित रुपमा सवारीसाधनको परीक्षण तथा मर्मत सम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८